# अध्याय - एक
# परिचय

## १.१ पृष्ठभूमि

समाज सामाजिक सम्बन्धहरुको जालो हो । सामाजिक सम्बन्धले सामाजिक व्यवस्था एवं प्रणालीको निर्माणमा मूख्य भूमिका निर्वाह गरेको हुन्छ । समाजमा मानिसले आफ्नो सामाजिक जीवनयापन गर्न विभिन्न गतिविधिहरु सम्पन्न गर्नु पर्दछ, जस्तो : आर्थिक, सामाजिक, राजनैनिक, सांस्कृतिक, धार्मिक आदि (मार्शल, २००५) । मानवीय जीवनलाई सरल र सहज बनाउदै सरल रुपमा सञ्चालनको लागि मानवलाई निरन्तर रुपमा विभिन्न श्रोतको आवश्यकता पर्दछ । ती श्रोतहरु मध्ये आर्थिक श्रोत अत्यन्त महत्वपूर्ण श्रोत हो ।
समाज विकासका विभिन्न चरणमा फरक-फरक अर्थतन्त्रका रुपहरुको विकास भएको पाइन्छ । समाज विकासको क्रममा आदिम साम्यवादी उत्पादनको स्वरुप, दास उत्पादनको स्वरुप, सामन्तवादी उत्पादनको स्वरुप, पूँजिवादी उत्पादनको स्वरुप र समाजबादी उत्पादनको स्वरुप गरी विभिन्न अर्थव्यवस्थाका रुपहरु देखा पर्दछन् । प्रत्येक चरणमा मानवीय जीविकोपार्जनका लागि फरक-फरक श्रोत र साधनको विकास र विस्तार भएको देखिन्छ । समाज विकासका चरणअनुसार नै श्रम विभाजनको साथ-साथै संस्कृतिमा विशिष्टता आएको देखिन्छ (ओभ्का, २०६३) ।

पुँजीवादी समाज वा उत्पादनको स्वरुपमा अर्थतन्त्रको मूलआधार उत्पादनका साधन जस्तो जग्गा, जमीन, श्रम र पुँजी नै हुन् । यस चरणको मुख्य लक्ष्य उत्पादनका साधनमाथि निजी स्वामित्व तथा नाफा प्राप्त गर्ने र प्राप्त आम्दानीको पुर्नलगानी गर्दै पुँजी निर्माण गर्नु रहेको छ । खुल्ला बजार, उदारीकरण र भू-मण्डलीकरणको माध्यममार्फत् समग्र समाजलाई प्रभाव पार्न समेत पुँजीवाद सफल भएको छ । समाजमा पुँजीवादको विकास संगसंगै वस्तु वचत गर्ने परिपाटीको अन्त भई मुद्रा तथा पुँजी बचत गर्ने परम्पराको सुरुवात भएको हो ( आचार्य, २०६१) ।
मानवका आवश्यकतासंग संगै सधै आर्थिक श्रोत उपलब्ध हुन नसक्ने वातावरणको सृजना भए पश्चात नै समाजमा उसले बचत संस्कृतिको शुरुवात गरेको हो । समाजमा बचत संस्कृतिको शुरुवात र विकास व्यक्तिसंग भएको बचतको आधारमा समाजमा उसको हैसियत, शक्ति र स्तर निर्धारण हुने परिपाटी संगसंगै पनि जोडिएको देखिन्छ । (

राजभण्डारी, २०६०) । सामान्य बोलीचालीको भाषामा कुनै पनि व्यक्ति वा संस्थाको आफ्नो आम्दानीबाट खर्च कटाएर बाँकी रहेको रकम नै बचत हो अर्थात बचाउनको लागि सुरक्षित रुपमा राखिएको रकम नै बचत हो (ने.रा.प्र.प्र, २०५९) । सामुहिक, पारिवारिक तथा व्यक्तिगत समस्या सजिलै समाधान गर्न, आर्थिक रुपमा आत्मनिर्भर हुन, स्वरोजगारी तथा रोजगारीको लागि आवश्यक रकमको उचित समयमा नै व्यवस्था गर्नको साथै सन्तुलित रुपबाट सामाजिक जीवन सञ्चालन गरी आत्मसन्तुष्टि प्राप्त गर्नको लागि बचत गरिन्छ । ब्यक्तिको वर्तमानको बचतले भविष्यको जीवनयापन सुखी, सरल र सुरक्षित बनाउन सहयोग पुऱ्याउँदछ (राज भण्डारी, २०६०) ।

बचत प्रक्रियालाई सरल बनाउन तथा थोरै बचत गर्दा धेरै फाइदा प्राप्त गर्नका लागि व्यक्तिगत नभै सामूहिक प्रयासको आवश्यकता पर्दछ । सामूहिकताको लागि मानवीय समूहको निर्माण हुनुपर्दछ । दुई वा दुई भन्दा बढी व्यक्तिहरुको त्यो झुण्ड वा जमातलाई समूह भनिन्छ जसका सदस्यहरु एक आपसमा अन्तरसम्वन्धित हुने गर्दछन् (अक्सफोर्ड २००३ ) । सम्बन्धित समूहका सदस्यहरुले संलग्न समूहको नीतिनियम अनुसार भविष्यमा आयमूलक, सामाजिक तथा समाज विकास क्रियाकलापमा खर्च गर्न संचिति गरिने रकमलाई सामूहिक बचत भनिन्छ ।

समूह वचतको विकसित तथा वृहत् रुप नै सहकारी हो । समूह गठन गरी एकताबद्ध हुने, समूहका क्रियाकलापमा सहभागी बन्ने, आफ्नो तर्फबाट सक्दो त्याग गर्नुका साथै समूहका माध्यमबाट व्यवस्था गरिएका सेवाहरुको उपयोग गरी सबैजना लाभान्वित हुने प्रक्रिया नै व्यावहारिक अर्थमा सहकारिता हो । सहकारिता समान आर्थिक, सामाजिक तथा सांस्कृतिक इच्छा तथा आवश्यकताहरुको पूर्ति गर्न तर्फ सक्रिय हुँदै संयुक्त स्वामित्वमा आधारित रही, प्रजातान्त्रिक प्रक्रियामार्फत सञ्चालित हुने गर्दछ ।

अर्को शब्दमा भन्ने हो भने धेरै व्यक्तिहरु मिलेर कार्य गर्नु नै सहकारी भन्ने बुझिन्छ । सहकारी शव्द बाट नै प्रष्ट हुन्छ कि (सहंकार्य) बाट सहकार्य हुन आउँछ । समान उद्वेश्य प्राप्त गर्न एउटा निश्चित व्यक्तिहरुको समूहद्वारा मिलेर काम गरिन्छ भने त्यसलाई सहकारी भनिन्छ । समान उद्वेश्य, समान लगानी, समान सहभागितामा आधारित भएर नै सहकारी संस्थाको स्थापना भएको हो । सहकारीमा साझा हक हितका लागि सामूहिक र संगठित प्रयत्न वाट आर्थिक उन्नतिको प्रयास गरिन्छ । यसको अर्थलाई फराकिलो रुपमा हेर्ने हो भने आर्थिक विषय मात्र नभएर सामाजिक उन्नति र प्रगति पनि संगै हुन्छ । सहकारी ऐन

२०४८ मा भनिएको छ, “देशका कृषक, कालिगढ, कम पुंजीवाला, निम्न आय वर्ग, भूमिहीन तथा वेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ता आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारीको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा संघहरुको गठन र संचालन सम्वन्धी कामका लागि सहकारी वनाइएको हो ।” यो यस्तो समाज व्यवस्था हो, जसबाट वर्ग संघर्ष बिना नै शोषणलाई समाप्त पार्न सकिन्छ । समाजवादी समाज निर्माणको जग नै सहकारी आर्थिक आधार हो । पुँजीवादले भौतिक विकासमा युगान्तकारी प्रगति गर्‍यो । उधोग धन्दा र कल कारखानाबाट मानवीय जीवनमा आवश्यक र उपयोगी वस्तुको व्यापारबाट अत्यन्त धेरै नाफा कमाउन पुँजीवाद सफल भयो । तर मानवीय मूल्य र मान्यता कमजोर हुदै गयो । शोषण, उत्पीडन, दमन र भेदभाव वढ्दै गयो । श्रमजीवी जनताको ठुलो हिस्सा झन झन गरीव हुदै गयो । यस्तो स्थितिबाट बच्न उपायको खोजी गर्ने क्रममा सहकारीको जन्म भएको हो । मुलभूत रुपमा पुँजीवाद, व्यक्तिवाद, शोषण र स्वार्थबाट बच्न सहकारीको जन्म भएको देखिन्छ । (वडाल, २०५०)

सहकारिताले सबै समूहका व्यक्तिहरुलाई फाइदा पुर्‍याउने भएपनि विशेषगरी न्यून आयस्तर भएका मानिसहरुको रकमलाई एकत्रित गरी आफ्नो लागि आफै काम गरौं भन्ने सामूहिक भावनाको विकास गराउँदछ । वर्तमानमा महिला समूहको वृद्धि तथा त्यसको प्रभावकारी परिचालनसंगै सहकारीमा परिणत हुने दर पनि तीव्र रुपमा बढी रहेको छ । महिलाद्वारा संञ्चालित एवंम् परिचालित समूहहरु सहकारितामा परिणत हुनुले पनि महिलाको विकासमा सहकारी संस्थाले महत्वपूर्ण भूमिका खेलेको छ भन्न सकिन्छ (ग्रा.म.से के.म., २०६४) । महिलाद्वारा सञ्चालित सहकारीले महिलालाई विभिन्न सेवा प्रदान गर्ने, अशिक्षित र निम्न आय भएका महिलालाई प्राथमिकताका साथ सहयोग गर्ने, महिलाको आर्थिक र सामाजिक क्रियाकलापमा सहभागिता बढाउने हुँदा सहकारी महिलाहरुका समस्या समधानको सहयोगी मित्र बन्न पुगेको छ (जोशी, २०६५) ।

समूहमा आबद्ध भई सहयोगको आदान प्रदान गर्ने प्रक्रिया मानव सभ्यताको शुरुवातदेखि भएपनि संस्थागत र विधिवत् रुपमा सहकारिता सन् १८४४ मा वेलायतको मेन्चेस्टर शहर नजिक रहेको रकडेल भन्ने ठाउँवाट भएको हो । एकजना महिला सहित २८ जना युवाहरुले सुरुवात गरेको यस समूहले मासिक एक–एक पाउण्ड बचत गर्ने परम्पराको थालनी गरेको

थियो । यसै समूहले विश्वमा क्रमशः लोकप्रियता हासिल गर्न थाल्यो भने वर्तमानमा देखा परेको सहकारीको जननी समेत बन्न पुग्यो (राई, २०५४) ।

पारस्परिक सहयोग तथा विकासका लागि सुरुवात भएको सहकारीको अवधारणा नेपाली समाजको लागि खासै नयाँ भने होइन । नेपाली समाजमा सहकारीको विधिवत इतिहास केवल आधा शताब्दीको भएपनि परम्परागत तथा मौलिक संगठनहरु आदिकालदेखि नै प्रचलनमा रहेको पाइन्छ । गुठी, पर्म, ढिकुर, धर्मभकारी जस्ता अनौपचारिक संगठन तथा समूहहरुले समाजमा सहकारिताको मर्म र भावनाअनुसार काम गरको पाइन्छ । नेपालमा सहकारिताको संस्थागत विकासमा अमेरिकी सहयोगले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । चितवन जिल्लामा वि.सं. २०१३ सालमा स्थापना भएको बखान सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो (डि.स.का, २०६४) ।

सहकारी सञ्चालनको लागि वि.स. २०१६ मा नेपालमा पहिलो पटक सहकारी ऐन तर्जुमा भयो । सहकारी ऐनको आधारमा सहकारी संस्था नियमावली २०१८ मा जारी भयो । सहकारी सम्बन्धी ज्ञान प्रदान गर्ने उद्देश्यले वि.सं. २०१९ मा सहकारी प्रशिक्षण केन्द्र ( स.प्र.के.) र सहकारीको सहयोगको लागि वि.सं. २०२० मा सहकारी बैंकको स्थापना भयो । वि.स. २०२१ मा भूमिसुधार कार्यक्रम लागु भएपछि वार्षिक उत्पादनको एक हिस्सा अनिवार्य बचत गरी गाउँमा धर्म-भकारी खडा गर्नुपर्ने निर्देशन सरकारबाट जारी भयो । बचत अनाजलाई यदि गाउँमा भोकमरीको सृजना भएमा अनाज नै ऋणको रुपमा लगानी गरी अर्को अनाज पाकेर तिर्ने र अन्यथा बचत अनाज विक्रीगरी प्राप्त रकम भूमिसुधार कार्यालयमा जम्मा गर्नुपर्ने व्यवस्था भएको देखिन्छ (राजभण्डारी, २०६०) । सरकारी स्तरबाट सञ्चालित यस अनिवार्य बचत प्रक्रियाले नेपालमा सहकारिताको महत्वलाई विस्तार गर्न सहयोग पुऱ्यायो ।

नेपालमा सहकारीको विकासको क्रममा वि.स. २०४१ मा सहकारिता सम्बन्धी साझा ऐनको निर्माण भयो भने २०४४ मा उच्च स्तरीय साझा विकास केन्द्रीय समन्वय समितिको गठन गरियो । २०४८ मा राष्ट्रिय सहकारी विकास बोर्डको गठनका साथै नयाँ सहकारी ऐन २०४८ को पनि विकास भयो । नयाँ सहकारी ऐनले स्वायत्तताको अधिकार प्रत्यायोजन गरेपछि नेपालको सहकारी अभियानले नयाँ चरणमा फड्को मारेको देखिन्छ (स.प्र.के., २०५७) । समाजमा औपचारिक तथा अनौपचारिक रुपमा गठन भएका बचत समूहहरु सहकारीको मर्म र भावना अनुरुप सञ्चालित हुने गर्दछन् । समूह बचत कार्यक्रमले गाउँमा न्यून आय

भएका मानिसहरुको लागि सानो रकम आवश्यक पर्दा गाउँ तथा बजारका साहूकहाँ जाने परम्परालाई एकहदसम्म रोक लगाउन सफल भएको छ । साना तथा धितो नहुने व्यक्तिहरुले बैंक तथा वित्तीय संस्थाबाट सेवा पाउन नसकेको अवस्थामा गाँउमा नै संस्थागत कर्जा सरल तथा सहज रुपमा उपलब्ध गराउने हुँदा समूह बचत प्रक्रियाले ग्रामीण क्षेत्रमा आर्थिक क्रान्ति नै ल्याएको छ भन्न सकिन्छ (ठकुरी, २०६४) ।

सहकारीले एकै उद्ेश्य एवं समान आयस्तर भएका र निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने, आय आर्जन गरेको रकमबाट नियमित रुपले वचत गरि सहकारीताको भावनाले सदस्यहरुको आर्थिक, सामाजिक तथा साास्कृतिक अवस्था सुधार गरी सदस्यहरुको जीवनस्तर माथि उठाउन मद्धत गर्दछ (सहकारी ऐन,२०४८) ।

अधिकांश समाज पितृसत्ताद्वारा निर्देशित रहेको छ । पितृसत्ताले महिलाको उत्पादन शक्ति, प्रजनन, यौनिकता, गतिशीलता, सम्पति र अन्य आर्थिक स्रोत तथा शिक्षाक्षेत्रमा शोषण गर्ने हुँदा सामाजिक जीवनका हरेक क्षेत्रमा पुरुष सरह महिलाको पहुँच पुग्न सकेको छैन ( चौलागाई तथा अन्य, २०६०) समाजका सबै क्षेत्रमा महिलाको अवस्था सुधार गर्दै पुरुष सरह बनाउने उद्देश्यले महिला सुधारका विभिन्न उपायहरु सञ्चालनमा आएका छन् ( अर्याल,२०६२) । प्रत्येक मानवमा केही न केही क्षमता अन्तरनिहित भएको हुन्छ । मानवभित्र रहेको आन्तरिक क्षमता, दक्षता तथा सीपलाई  अवसरमा रुपान्तरण वा प्रस्फुटन हुनुलाई सुधार भन्ने गरिन्छ (मार्शल, २००४) । समाजका सम्पूर्ण क्षेत्रको निर्णय निर्माण र कार्यन्वयन प्रक्रियामा सहभागिता, समाजका आर्थिक, सामाजिक तथा राजनैतिक श्रोतमा पहुँच, श्रोत र साधनमाथि नियन्त्रण, समाजका विभेदपूर्ण व्यवहारको पहिचान र कारणको विश्लेषण गरी समाधानको उपायप्रति सचेत, आधारभूत तथा कल्याणकारी कार्यहरुमा वृद्धि भएको पहुँचको तहको आधारमा नै सुधार तथा परिर्वतनलाई मापन गर्न सकिन्छ (अर्याल, २०६२ र थापा, २०५९) ।

महिलालाई आर्थिक रुपमा सक्षम र सबल बनाउनुको साथै समाजका अन्य क्षेत्रमा उनीहरुको पहुँच विस्तार गर्ने क्रममा समूह बचत प्रक्रियाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । बचत कार्यक्रमले एकातर्फ आर्थिक रुपमा कमजोर महिलाहरुमा बचत गर्ने बानीको विकास गराउनुको साथै बचत रकमलाई विभिन्न आयमूलक क्रियाकलापमा परिचालन गरी आयआर्जन गर्ने राम्रो अवसर प्रदान गरेको छ भने अर्को तर्फ समूह निर्माण, निर्णय निर्माण, समूह परिचालन तथ समूहद्वारा सञ्चालित विभिन्न कार्यक्रमको सहयोगले महिलामा

सचेतना बृद्धि गराउनुका साथै महिलाको गतिशीलता र सक्षमतामा बृद्धि गराउन प्रत्यक्ष सहयोग पुऱ्याएको छ (प्लान.२००५) ।

सहकारीमा सहभागी पश्चात महिलाको समग्र पक्षमा सकरात्मक प्रभाव परेको देखिन्छ । मकवानपुर जिल्ला अर्न्तगत गढी गा.वि.स.वडा नं ५-९ मा रहेका सहकारीमा महिलाहरु सहभागी हुनको कारण र सहभागी भए पश्चात् आर्थिक, पारिवारिक तथा सार्वजानिक क्षेत्रमा उनीहरुको पहुँचको अवस्था पत्ता लगाउने उद्देश्यले यो अध्ययन सम्पन्न गरिएको हो । अध्ययनमा द्धित्तीय तथ्याङ्कहरुको प्रयोग भएपनि अधिंकास तथ्याङ्कहरु प्राथामिक स्रोतको प्रयोग गरी संकलन गरिएको छ ।

## १.२ समस्याको कथन

समाजमा आर्थिक अवस्थाले कमजोर भएका मानिसहरुलाई प्रत्यक्ष सहयोग पु-याउन शुरु भएको एउटा व्यवसाय नै सहकारी हो, जसले सामाजिक सशक्तिकरण पनि गर्ने गर्छ । नेपालमा २००७ सालबाट पछिमात्र शुरु भएको सहकारी अवधारणाले आज सम्म आइपुग्दा धेरै नै विकास गरिसकेको छ । सामान्य बचतबाट अधिकतम मुनाफा प्राप्ति, समस्याको समाधानको लागि सामुहिक प्रयास, न्यून दरमा ऋण प्राप्ति, ऋण परिचालनबाट आयआर्जनका क्रियाकलापको सञ्चालन गर्न सकिने हुँदा समाजमा सहकारीको प्रभावकारिता दिनप्रतिदिन बढ्दै गएको हो । महिलालाई आर्थिक रुपले सक्षम र आत्मनिर्भर बनाउँदै समाजका सम्पूर्ण पक्षहरुमा उनीहरुको पहुँचलाई क्रमशः बिस्तार गर्ने सर्न्दभमा महिला बचत समूह कोशेढुङ्गा सावित भएको छ । नेपाली समाजमा सहकारी प्रक्रियाको विकास र विस्तारको इतिहास लामो भएपनि बचत समूहमा महिला सहभागिता २०४६ पछि मात्र बृद्धि भएको हो ।

हाल नेपालमा करिब १२ हजारको संख्यामा सहकारी संस्थाहरु रहेका छन । सहकारी संस्थाहरुमध्ये सञ्चालक, व्यवस्थापक, कर्मचारी र साधारण सदस्य सम्पूर्ण महिला रहेको सहकारीको संख्या मूलुकभर करिव ११०० मात्र रहेका छन् । नेपालभरि सञ्चालित महिला सहकारीले १२ लाख महिलालाई सेवा उपलब्ध गराई रहेका छन् । (घिमिरे, २०६५) मकवानपुरमा अहिले सम्म ३०० भन्दा वढी सहकारी संस्थाहरु रहेका छन् । जसमध्ये महिलामात्र सहभागी सहकारी संस्था जम्मा ५८ वटा रहेका छन । महिला सहकारीले विशेष गरी घरेलु तथा साना उद्योग सञ्चालन, नगदे तथा व्यवसायिक कृषि प्रणाली, पशुपालन जस्ता क्षेत्रमा रकम परिचालन गरिरहेका छन् (डि.स.का.म., २०६५) ।

अध्ययन क्षेत्रको रुपमा रहेको मकवानपुर जिल्लाको गढी गा.वि.स.का अधिकांश मानिसहरु कृषिमा निर्भर छन् । जुन निर्वाहमुखी मात्र छ । त्यस मध्येमा पनि महिलाको अवस्था कमजोर हुनु स्वभाविकै हो । महिलाको समग्र अवस्थामा सुधार ल्याउन वि.स. २०५५ सालमा महिला जागरण ऋण तथा वचत सहकारी संस्थाको स्थापना भयो । सहकारीमा आवद्ध भएपछि मानिसको जीवनमा प्रत्यक्ष रुपमा प्रभाव परेतापनि यसका आफ्नै समस्याहरु पनि रहेका छन् । सहकारीको विकास तथा तिनिहरुले समाजमा परिको प्रभाव सम्वन्धमा अध्ययनहरु भएको भएतापनि मकवानपुर जिल्ला गढी गा.वि.स.मा रहेको सहकारी र त्यसमा सहभागी महिलाहरुसंग सम्वन्धित निम्नानुसारका समस्याहरुसंग अध्ययन सम्वन्धित रहेको छ

- सहकारीमा आवद्ध भएपश्चात महिलाको आर्थिक अवस्थामा कस्तो परिवर्तन भएको छ ?
- सहकारीमा सहभागी भएपश्चात महिलाहरुको शैक्षिक क्षेत्रमा कस्तो प्रभाव परेको छ ?
- सहकारीले महिलाको घरयासी तथा सामाजिक निर्णय निर्माण प्रक्रियामा कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्धेश्य

मकवानपुर जिल्ला गढी गा.वि.स.का महिलाहरुमा सहकारीले पारेको प्रभाव अध्ययन गर्ने अध्ययनको सामान्य उद्देश्य हो भने, अध्ययनका विशिष्ठ उद्देश्यहरु निम्नानुसार रहेका छन :

- सहकारीले महिलाको आर्थिक पक्षमा पारेको प्रभाव पत्ता लगाउनु,
- सहकारीले महिलाको निर्णय प्रक्रियामा पारको प्रभाव पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्व

प्रस्तुत अध्ययन सहकारीमा महिला सहभागिता र त्यस प्रक्रियाले स्वयं महिला तथा समाजमा परेको समग्र प्रभावसंग प्रत्यक्ष सम्बन्धित रहेको छ । यस अध्ययनले विशेषगरी ग्रामीण क्षेत्रका महिलाहरु सहभागी सहकारीको गठन पक्रिया, त्यसमा रकम संकलन, संकलित रकम परिचालन र त्यसको प्रभावलाई समाजशास्त्रीय/मानवशास्त्रीय सिद्धान्त, विधि र प्रक्रियाको आधारमा बुझ्न थप सहयोग पुऱ्याएको छ । अध्ययन विशेषगरी क्षेत्र

अध्ययन र प्राथमिक तथ्याङ्कमा आधारित भएकोले प्राप्त निष्कर्षले नीति निर्माता, योजनाकार, व्यवसायी, बौद्धिक वर्ग, विकासे कार्यकर्ता तथा निकाय र भावी अनुसन्धान कर्तालाई सहकारी र सशक्तीकरणसम्बन्धी ज्ञान प्राप्त गर्न सहयोगी बन्दछ । अध्ययन विशेषगरी समाजशास्त्र/ मानवशास्त्र विषयमा स्नात्तकोत्तर तहको आंशिक खण्ड पूरा गर्नको लागि सम्पन्न गरिएको हुनाले यसको आफ्नै शैद्धान्तिक र विधिगत महत्व रहेको छ ।

## १.५ अध्ययनको संगठन

प्रस्तुत अध्ययनको शोधपत्रलाई जम्मा छ वटा अध्यायमा विभाजित गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथनहरु, उद्देश्य, महत्व र अध्ययनको संगठन समावेश गरिएको छ । दोस्रो अध्यायमा पूर्व साहित्यको समीक्षा जसअन्तर्गत सैद्धान्तिक र ब्यवाहारिक पूर्व साहित्यको समीक्षा समावेश गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान पद्धति समावेश भएको छ ।

शोधपत्रको चौथो अध्यायमा अध्ययन क्षेत्रको सामाजिक, आर्थिक तथा जनसांख्यिक पृष्ठभूमि रहेको छ । अध्याय पाँचमा तथ्याङ्कको प्रस्तुति, व्याख्या र विश्लेषण समावेश गरिएको छ । जसअर्न्तगत विभिन्न माध्यममार्फत संकलन भएका तथ्यांकलाई विभिन्न शीर्षक एवं उपशीर्षकमा विभाजन गरी प्रस्तुति, व्याख्या एवं विश्लेषण गरिएको छ । छैटौ वा अन्तिम अध्यायको रुपमा अध्ययनको सारांश र निस्कर्षलाई समावेश गरिएको छ । शोधपत्रको अन्त्यमा अध्ययनको क्रममा प्रयोग भएका सन्र्दभ सामाग्री तथा अध्ययनको क्रममा प्रयोग भएका अर्न्तवार्ता अनुसूचीहरु प्रस्तुत गरिएको छ ।

# अध्याय-दुई
# पूर्व साहित्यको समीक्षा

अध्ययन विषय वस्तुसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्धित पूर्वअध्ययनहरुले पत्ता लगाउन नसकेका समस्याहरुलाई पत्ता लगाउनका साथै समग्र अनुसन्धानलाई निश्चित दिशा प्रदान गर्ने माध्ययम नै पूर्व साहित्यको समीक्षा हो । यस अध्ययनसंग सम्बन्धित पूर्वसाहित्यको समीक्षालाई सैद्धान्तिक र व्यवहारिक गरी २ भागमा विभाजन गरिएको छ । सहकारीले महिलामाथि पारेको प्रभावको सैद्धान्तिक व्याख्या गर्नका लागि परिर्वतनको सिद्धान्त र त्यससंग सम्बन्धित रहेर गरिएका केही अध्ययनहरुलाई अनुसन्धानको सैद्धान्तिक समीक्षाभित्र समावेश गरिएको छ । सहकारीको विकासक्रम, सहकारीमा वचत संकलन, बचत परिचालन र त्यसले महिला र समाजमा पारेको प्रभावका सम्बन्धमा विभिन्न पत्रपत्रिका, जर्नल, पुस्तक, प्रतिवेदन तथा अप्रकाशित सोधपत्रहरुको निर्ष्कषहरुलाई व्यवहारिक समीक्षामा समावेश गरिएको छ ।

## २.१ परिवर्तन र विकास सम्वन्धी अवधारणा

एउटा रुप, अवस्था, गुण आदिबाट अर्को रुप, अवस्था, गुण आदिमा बदलिने वा रुपान्तरण हुने क्रिया परिवर्तन हो भने क्रमशः बढ्दै वा सुध्रिदैं गएको स्थिति नै विकास हो *(ने.रा.प्र.प्र. २०५८)* । परिर्वतन र विकासलाई पर्यायवाची, अन्तरसम्बन्धित र विश्वव्यापी प्रक्रियाका रुपमा प्रयोग गरिन्छ (अक्सफोर्ड २००३ )। सरकार, बजार, गैर-सरकारी संस्था र समुदाय नै विकास र परिवर्तनका कर्ताहरु हुन । उनीहरुले विकासे नीति, प्रसार, परसंस्कृतिग्रहण, प्रविधि जस्ता माध्यममार्फत परिवर्तन र विकासलाई अगाडि बढाउने गर्दछन् । ( भट्टचन र मिश्र २००० )

समाजमा द्वितीय विश्वयुद्धभन्दा पहिले विकास शब्द त्यति चर्चित थिएन । त्यस समयमा संसारका शक्तिशाली राष्ट्रहरु आफ्नो प्रभुत्व संसारभर फैलाउनेतर्फ मात्र सोच्ने गर्दथे । मानिसहरुसंग धेरै जमिन हुनु, बहुमूल्य वस्तु संकलन गर्नु, भोजभतेर गर्नु तथा धेरै नोकर चाकर राख्नुलाई विकासका रुपमा लिने गरिन्थ्यो । विकास र परिवर्तनसंग सम्बन्धित अवधारणाको सिद्धान्ततः व्याख्या सन् १९५० देखि सुरु भएको हो ।

परिवर्तनलाई सामाजिक परिवर्तन र विकासको जटिल प्रक्रियाका रुपमा रहेको आधुनिकीकरणसंग सम्बन्धित गराइएको छ । यसलाई परिवर्तनको लागि कम विकसित

मुलुकले बढी विकसित मुलुकका विशेषताहरु आत्मसाथ गर्ने प्रक्रियाका रुपमा पनि लिन सकिन्छ (उप्रेती, १९८७) ।

आधुनिकीकरण सिद्दान्तका प्रतिपादक डब्लु डब्लु रोस्टव भन्दछन "परम्परावादी वा कम विकसित मुलुकहरुले विकासको लागि आर्थिक र प्राविधिक रुपमा सम्पन्न मुलुकहरुको सहयोगमा विकासका निश्चित चरणहरु अनिवार्य रुपमा पार गर्नै पर्दछ जसमा परम्परागत समाज, परिवर्तनका लागि पूर्वाधार तयार भैसकेको समाज, परिवर्तित समाज, परिपक्वतातर्फ उन्मुख समाज र उच्च उपभोगीय समाज पर्दछन् ( रोस्टो १९५२ ) ।" तत्कालीन समाजशास्त्री तथा अर्थशास्त्रीहरुले विकसित मुलुकको प्रविधि, रणनीति तथा पूंजीको प्रयोग पछाडिमात्र अविकसित मुलुकहरुले आफूलाई अविकसित अवस्थाबाट मुक्ति दिलाउन सफल हुनेछन् भनी व्याख्या गरेका थिए (उप्रेती, १९८७) ।

विकास र परिवर्तनको व्याख्या र विश्लेषण गर्ने प्रशस्त सिद्धान्तहरु भएतापनि विकास तथा परिवर्तनको लागि बाह्य पक्षको सहयोग आवश्यक पर्दछ भन्ने मान्यता राख्ने आधुनिकीकरणको सिद्धान्तलाई महिला बचत समूहको गठन, समूह परिचालन तथा त्यसले महिलामा पारेको प्रभावको विश्लेषण गर्नका लागि छनोट गरिएको छ । समाजशास्त्र/मानवशास्त्रमा अधिकतम आलोचित यस सिद्धान्तको वर्तमानमा उपयोगिता तथा प्रभावकारिता सम्बन्धी वास्तविकता पत्ता लगाउन पनि यस सिद्धान्तलाई छनोट गरिएको हो ।

व्यक्ति, घरपरिवार तथा समुदायले अवलम्वन गरेको जिवीकोपार्जनका प्रक्रियाहरुमा सम्बन्धित सरकार तथा तत्कालीन बजार प्रक्रियाले प्रत्यक्ष प्रभाव पार्दछ ( पाण्डे २००३ )। पश्चिमका खाम मगरहरुले राज्यले चरनक्षेत्रमा लगाएको कर तथा भारतीय बजारको प्रवेशको कारण आफ्ना पशुको संख्यामा कटौती गरी आर्थिक रणनीति नै परिवर्तन गरेका छन् ( मोनलार १९८१) । चीनले ल्हासामा नियन्त्रण गरे पश्चात् डोल्पाका काईके भाषीहरुले आफ्नो व्यापार क्षेत्र र व्यापारको प्रकृति (वस्तु विनिमयबाट मुद्रा बिनिमय) नै परिर्वतन गर्न बाध्य भएका थिए ( फिसर १९७२) । खुम्बु क्षेत्रका शेर्पाहरुले पनि पर्यटन र पश्चिमीकरणको प्रभावको कारण नै अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि र पशुपालनका साथै धार्मिक परिपाटीमा समेत परिवर्तन गरेका छन् (स्टेभेन्स, १९९६ ) ।

वास्तवमा आर्थिक स्वतन्त्रताको अधिकार भनेको ब्यक्तिको आफ्नो क्षमता अनुसारको आर्थिक निर्णय लिनु हो भन्ने बुझिन्छ । यसवाट अन्य अधिकार जस्तै शैक्षिक र स्वास्थको अधिकार समेत सुनिश्चित हुन आउादछ । नेपालमा महिलाको योगदानलाई आर्थिक क्षेत्रमा कि त पहिचान नै गरिदैन या त वेवास्ता गरिन्छ । हुन पनि पारिवारिक सम्पत्ति तथा अन्य स्रोतहरुमा महिलाको पहुँच तथा नियन्त्रण नै हुदैन । जहाँ ८५ प्रतिशत महिला कृषिमा व्यस्त छन् , त्यहा जम्मा १०.८४ प्रतिशतले मात्र जग्गाको स्वामित्व ग्रहण गरेका छन् । यस अर्थमा महिलाहरु आर्थिक सशक्तिकरणको अभावमा पुरुषप्रति निर्भर छन् र प्राय महिला यही भएर शोषित तथा दमित पनि छन ।

## २.२ सहकारीको विकासक्रम, महिला सहभागिता र त्यसको प्रभाव

प्रस्तुत अध्ययन सहाकारीले महिला तथा समाजमा पारेको प्रभावकेन्द्रित भएपनि प्रभाव विश्लेषण गर्नको लागि सहाकारीको विभिन्न सर्न्दभमा विकासक्रम, सहकारीमा वचत संकलन, बचत परिचालन आवश्यक हुने भएकाले त्यस सम्बन्धी साहित्यहरुलाई सामान्य समीक्षा गरिएको छ । अध्ययनको मुख्य उद्देश्यअनुसारको साहित्य समीक्षालाई पत्रपत्रिका, जर्नल र प्रतिवेदनसँग र अप्रकाशित सोधपत्रसंग सम्बन्धित साहित्यलाई समीक्षा गरिएको छ ।

### २.२.१ विश्वमा सहकारी

विश्वमा समूहमा आबद्ध भई सहयोगको आदान प्रदान गर्ने प्रक्रिया विश्वमा मानव सभ्यताको शुरुवातदेखि भएपनि संस्थागत र विधिवत् रुपमा सहकारिता सन् १८४४ मा वेलायतको मेन्चेस्टर शहर नजिक रहेको रकडेल भन्ने ठाउँवाट भएको हो । एकजना महिला सहित २८ जना युवाहरुले सुरुवात गरेको यस समूहले मासिक एक–एक पाउण्ड बचत गर्ने परम्पराको थालनी गरेको थियो । यसै समूहले विश्वमा क्रमशः लोकप्रियता हासिल गर्न थाल्यो भने वर्तमानमा देखा परेको सहकारीको जननी समेत बन्न पुग्यो । (राई ,२०५४)

त्यसपछि सन् १८५४ मा जर्मनीमा राइफाइसन र शुल्जद्वारा ऋण संस्थाहरु शुरु गरियो । पछि युरोप र अमेरिकामा वहुउद्देश्यीय र ऋण सहकारी संस्थाहरु खुल्दै गए । भारतमा सन् १९०५ मा सहकारी संस्था शुरु भयो । वहुमुखी सहकारी संस्थाहरुको अन्तराष्ट्रिय इकाइ, अन्तराष्ट्रिय सहकारी संघ १८ अगस्ट १८८५ मा वेलायतमा स्थापना भयो । हाल यसको प्रधान कार्यालय जेनेभामा रहेको छ । यसको ७६ सदस्य राष्ट्रमा कुल सदस्य संख्या ६४

करोड ८० लाख छ । सन् १९२४ मा अमेरिकाका २२ वटा राज्यहरु मिलेर ऋण सहकारी संघ गठन गरियो । जसमा ७ करोड ८९ लाख सदस्यहरु भएको ३५११९ सदस्य संस्थाहरु थिए । सन् १९७१ मा स्थापना भएको एशियाली ऋण महासंघको कार्यालय थाइल्यान्डको राजधानी बैंककमा रहेको छ । (सहकारी संस्था ऋण तथा वचत अवधारणा, ऐतिहासिक संक्षिप्त विवरण, खुल्लापत्र)

## २.२.२ . नेपालमा सहकारी

पारस्परिक सहयोग तथा विकासका लागि सुरुवात भएको सहकारीको अवधारणा नेपाली समाजको लागि खासै नयाँ भने होइन । नेपाली समाजमा सहकारीको विधिवत इतिहास केवल आधा शताब्दीको भएपनि परम्परागत तथा मौलिक संगठनहरु आदिकालदेखि नै प्रचलनमा रहेको पाइन्छ । गुठी, पर्म, ढिकुर, धर्मभकारी जस्ता अनौपचारिक संगठन तथा समूहहरुले समाजमा सहकारिताको मर्म र भावनाअनुसार काम गरको पाइन्छ । नेपालमा सहकारिताको संस्थागत विकासमा अमेरिकी सहयोगले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । चितवन जिल्लामा वि.सं. २०१३ सालमा स्थापना भएको बखान सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो । (डि.स.का, २०६५)

सहकारी सञ्चालनको लागि वि.स. २०१६ मा नेपालमा पहिलो पटक सहकारी ऐन तर्जुमा भयो । सहकारी ऐनको आधारमा सहकारी संस्था नियमावली २०१८ जारी भयो । सहकारी सम्बन्धी ज्ञान प्रदान गर्ने उद्देश्यले वि.सं. २०१९ मा सहकारी प्रशिक्षण केन्द्र (स.प्र.के.) र सहकारीको सहयोगको लागि वि.सं. २०२० मा सहकारी बैंकको स्थापना भयो । वि.स. २०२१ मा भूमिसुधार कार्यक्रम लागु भएपछि वार्षिक उत्पादनको एक हिस्सा अनिवार्य बचत गरी गाउँमा धर्म-भकारी खडा गर्नुपर्ने निर्देशन  सरकारबाट जारी भयो । बचत अनाजलाई यदि गाउँमा भोकमरीको सृजना भएमा अनाज नै ऋणको रुपमा लगानी गरी अर्को अनाज पाकेर तिर्ने र अन्यथा बचत अनाज विक्रीगरी प्राप्त रकम भूमिसुधार कार्यालयमा जम्मा गर्नुपर्ने व्यवस्था भएको देखिन्छ । सरकारी स्तरबाट सञ्चालित यस अनिवार्य बचत प्रक्रियाले नेपालमा सहकारीताको महत्वलाई विस्तार गर्न सहयोग पुऱ्यायो । (राजभण्डारी, २०६०)

नेपालमा सहकारीको विकासको क्रममा वि.स. २०४१ मा सहकारिता सम्बन्धी साझा ऐनको निर्माण भयो भने २०४४ मा उच्च स्तरीय साझा विकास केन्द्रीय समन्वय समितिको गठन

गरियो । २०४८ मा राष्ट्रिय सहकारी विकास बोर्डको गठनका साथै नयाँ सहकारी ऐन २०४८ को पनि विकास भयो । नयाँ सहकारी ऐनले स्वायत्तताको अधिकार प्रत्यायोजन गरेपछि नेपालको सहकारी अभियानले नयाँ चरणमा फड्को मारेको देखिन्छ (स.प्र.के., २०५७) । समाजमा औपचारिक तथा अनौपचारिक रुपमा गठन भएका बचत समूहहरु सहकारीको मर्म र भावना अनुरुप सञ्चालित हुने गर्दछन् । समूह बचत कार्यक्रमले गाउँमा न्यून आय भएका मानिसहरुको लागि सानो रकम आवश्यक पर्दा गाउँ तथा वजारका साहूकहाँ जाने परम्परालाई एकहदसम्म रोक लगाउन सफल भएको छ । साना तथा धितो नहुने व्यक्तिहरुले बैंक तथा वित्तीय संस्थाबाट सेवा पाउन नसकेको अवस्थामा गाँउमा नै संस्थागत कर्जा सरल तथा सहज रुपमा उपलब्ध गराउने हुँदा समूह बचत प्रक्रियाले ग्रामीण क्षेत्रमा आर्थिक क्रान्ति नै ल्याएको छ भन्न सकिन्छ । (ठकुरी, २०६४)

पछिल्लो समयमा आएर सहकारीको विकासमा महिला सहकारी तथा सहकारीमा महिला सहभागीता बृद्धि हुँदै आएको छ । संघ/संस्थाले महिला सहभागितालाई सुनिश्चित गर्दै सञ्चालन गर्ने व्यक्तिहरुको सफलता त्यस्तो अवस्थामा मात्र सम्भव छ, जुन आवश्यक महिलाहरुको सहभागिता बृद्धि गर्ने वातावरण तयार हुन्छ । महिला माथि हाल रहेको दोहोरो दायित्व (पारिवारीक र स्वयं) लाई कुशलतापूर्वक वहन गर्दै सहभागिता जनाउन वातावरण निर्माण गर्नुपर्दछ । यसै सिलसिलामा सामाजिक, आर्थिक, पारिवारीक लगायत अन्यपक्षहरुमा पनि विश्लेषण गरी उनीहरु अनुकुलको परिस्थिती बनाउँदै लैजानुपर्दछ । सहकारी ऐन २०४८ तथा नियमावली २०४९का अनुसार सदस्यता लगाएतका पक्षमा लैङ्गिक मैत्री रहेको सन्दर्भमा सहकारी संस्थाको सदस्यता सम्बन्धी पक्षमा लैङ्गिक समानता कायम गरी महिलाहरुलाई मुलप्रवाहीकरण गर्न विभिन्न कार्यक्रमहरुस सञ्चालन गर्नुपर्ने देखिन्छ । हाल सम्म सहकारीमा आवद्ध महिलाहरुको अवस्था सन्तोषजनक छैन । महिलाको अंश ३०% मात्र रहेको छ । सो संख्यामा बृद्धि गदै लैजान महिला सहभागितालाई उत्साह र हौसला प्रदान गर्नुपर्दछ (वडाल, २०५०) ।

### २.२.३ मकवानपुरमा सहकारी

वि.सं. २०२४ फाल्गुण २ गते तत्कालीन भूमिसुधार, कृषि तथा खाद्य मन्त्रालय अन्तर्गत जिल्ला पंचायत कार्यालय सहकारी शाखाको नाममा स्थापना भएकोमा २०२६ सालमा जिल्ला कार्यालय सहकारी शाखा, २०४० सालमा साझा विकास शाखा तथा २०४९

सालमा जिल्ला सहकारी हुँदै २०६१ सालमा डिभिजिन सहकारी कार्यालयको नाममा स्थापना भयो । मकवानपुर जिल्लालाई कार्यक्षेत्र बनाएर बसेको यस संस्थाले अन्य ग्रामीण क्षेत्रमा सहकारी स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यस संस्था मार्फत जिल्लाका विभिन्न ठाउामा स्थापना भएका सहकारीको दर्ता, सुझाव, सल्लाह आदि दिदै सहकारीको विकासमा टेवा पु¥याउादै आएको छ ।

मकवानपुर जिल्ला राष्ट्रिय राजमार्गले चिरेको एक सुगम जिल्ला हो । यो जिल्ला राजधानीसँग जोडिएको छ। यस जिल्लाको क्षेत्रफल २४२६ वर्ग कि.मि.मा फैलिएको छ। २०५८ को जनगणना अनुसार ३,९२,६०४ जनसख्या रहेको छ । जसमा ४९.२८ % जनसंख्या महिलाहरुको छ भने बाँकी पुरुषहरुको छ। एक नगरपालिका र ४३ गा.वि.स. मा विभाजित औंद्योगिक शहरको रुपमा चिनिएको जिल्ला हो । मकवानपुर जिल्लामा एक डिभिजन सहकारी विभाग पनि स्थापित छ। सो विभागले २०६५ सालमा प्रकाशित पत्रिका अनुसार मकवानपुर जिल्लामा स्थापित विभिन्न सहकारीको प्रकृती : वचत तथा ऋण सहकारी ( ११६), वहुउद्देश्यीय (६९), दुग्ध उत्पादक संघ (६७), कृषि, तरकारी, कुखुरा, पशुपालन र मत्स्य (४१),उपभोक्ता सहकारी (८),विविध (१) ( डिभिजन सहकारी कार्यालय, २०६५) ।

## २.२.४ सहकारीमा महिलाको सहभागिता

महिलालाई आर्थिक रुपमा सक्षम र सबल बनाउनुको साथै समाजका अन्य क्षेत्रमा उनीहरुको पहुँच विस्तार गर्ने क्रममा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । सहकारीले एकातर्फ आर्थिक रुपमा कमजोर महिलाहरुमा बचत गर्ने बानीको विकास गराउनएको छ भने अर्को तर्फ बचत रकमलाई विभिन्न आयमूलक क्रियाकलापमा परिचालन गरी आयआर्जन गर्ने राम्रो अवसर प्रदान गरेको छ । साथै सहकारीताको प्रक्रियामा समूह निर्माण, समूह परिचालन, समूहद्वारा सञ्चालित विभिन्न कार्यक्रमको सहयोगले महिलामा सचेतना बृद्धि गराउनुको साथै महिलाको गतिशीलता र सक्षमतामा बृद्धि गराउन प्रत्यक्ष सहयोग पु¥याएको छ। (प्लान,२००५)

सहकारी संस्थालाई लैंङ्गिक दृष्टिकोणले समानता युक्त संस्थाको रुपमा विकसित गर्न समाजमा रहेका महिला र पुरुषका विचमा संस्था सञ्चालन र सो संस्थाको तर्फबाट प्रदान गरिने सेवा उपभोग गर्न सक्ने वातावरण तयार गर्नु पर्दछ । महिलाद्धारा मात्र स्थापना

गरिएको सहकारीको क्षमता विकासका अतिरिक्त महिला र पुरुष समान रुपमा सदस्य बन्ने सहकारी संस्थाको हकमा संस्थाको व्यवस्थापन र व्यवसायिक क्रियाकलापमा महिलाहरुलाई बढी केन्द्रित गर्दै महिला र पुरुषका विचमा समानता कायम गर्ने उपायहरु अवलम्वन गर्दा नै सहकारी संस्थामा लैङ्गिक समानता कायम गर्न सकिन्छ । महिलाहरुलाई आफ्नो अधिकार प्रति सुनिश्चित हुदै प्राप्त गर्नु पर्ने सेवा सुविधाको सहज प्राप्तीको मौजुदा अवस्था भए पनि विभिन्न कारणले गर्दा आवश्यकता अनुशासरको सहजता हुन सकेको छैन (प्लान. २००५) ।

## २.२.५ सहकारीमा बचत संकलन, परिचालन र महिला

सहकारीमा आवद्ध विभिन्न समूहमा सदस्यहरुबाट संकलन गरिएको रकमलाई समूहको उद्देश्य तथा नियमाअनुसार विभिन्न क्षेत्रमा लगानी गर्ने गरी गरिएको वितरणलाई बुझाउँछ । बचत समूहमा प्रत्येकले फरक-फरक नियम र क्षेत्रमा रकम परिचालन गरेको देखिन्छ ।

धुम्वाराही स्थित महिला प्रयास सहकारी संस्थाका महिलाहरुले स्वालम्बी बन्ने उद्देश्यले गरिएको बचत रकम संस्थाकै सदस्यलाई कम ब्याजमा ऋण उपलब्ध गराउँदछ् । संस्थामा कारोबार गर्ने सदस्यलाई दैनिक वचतमा १० प्रतिशत तथा चल्ती वचतमा ७ प्रतिशत ब्याज दिने गर्दछन् । सहकारीले समूहमा आबद्ध महिलाहरुलाई बार्षिकरुपमा सिलाई बुनाई, चिप्स् दालमोड बनाउने तालीम प्रदान गरी त्यसै अनुसारका आयआर्जनमा सहभागी हुन उत्प्रेरित गरेको छ (के.त.वि.,२०५८) ।

लमजुङ सिउरुङका महिलाहरुको बचत तथा ऋण सहकारी संस्थाले गरेको बचत रकम सस्तो व्याजदरमा आय आर्जनका लागि सदस्यहरुलाई ऋण प्रदान गर्दछन् । सहकारीले विशेष गरी नगदेवाली तथा तरकारी खेतीका लागि बिउ मल तथा आवश्यक तालीम उपलब्ध गराउन, पशुपालन तथा व्यापारको लागि सदस्यहरुलाई ऋण उपलब्ध गराउँछ (घले, २०६४) ।

धरान राई टोलका महिलाले स्थापना गरेको सहकारीले संकलित वचतलाई वैदेशिक रोजगार, व्यापार, पशुपालन जस्ता आयमूलक क्रियाकलापमा लगानी गर्दछन । सहकारीले सस्तो व्याजमा ऋण उपलब्ध गराउनुका साथै समाजमा हुने घरेलु हिंसा र असहाय महिलासंग सम्बन्धीत मुद्दामा पनि सोही सहकारीको बचत समूहले सहयोग गर्ने गर्दछ । (राई,२०६५)

पाटन सुन्धाराका धलाछे टोलका महिलाहरु वचत गरेको रकम सदस्यहरुलाई स-साना उधोग सञ्चालन, व्यापार तथा अन्य आयमूलक क्रियाकलापका लागि सस्तो व्याजदरमा ऋण उपलब्ध गराउँछन । समूहले बचत रकमलाई सामुहिक फाईदाका लागि क्याट्रिङ सेवा सञ्चालन गर्दै आएको छ । (खड्का,२०६७)

## २.२.६ सहकारीले  महिलामाथि पारेको प्रभाव

सहकारीले तल्ला वर्गलाई सकारात्मक प्रभाव पारेको छ । जातीय र वर्गीय रुपमा हेर्दा यसले माथिल्लो वर्गका मानिसहरुको तुलनामा तल्ला वर्गका मानिसहरुको लागि महत्वपूर्ण परिर्वतन ल्याउन सहयोगी बनेको छ । सहकारीले विशेषगरी महिलाहरुको घरायसी आर्थिक क्रियाकलापमा राम्रो प्रभाव पारेको छ । सहकारीमा हुने बचत तथा ऋण परिचालन कार्यक्रमले सामाजिक क्षेत्रमा महिला सहभागिता बढाउनुको साथै महिलासंगसम्बन्धीत समस्याका बारेमा विश्लेषणात्मक सोचको विकास गर्न सकारात्मक विचार विकास गराउन मद्दत पुर्‍याएको छ । (सहकारीता, २०५७ )

लेखनाथ नगरपालिका र कास्कीको रुपाकोट गा.वि.सको सिमानामा रहेको रुपातालमा सञ्चालित रुपाताल पुर्नस्थापना र मत्स्यपालन सहकारी संस्था मार्फत गठित विभिन्न बचत समूहले रुपातालमा विभिन्न प्रजातिका उन्नत माछा पालन गर्नुका साथै स्थानीय माछालाई संरक्षण गरेको छ । समूह मार्फत माछा पालनपछाडि माछापालन व्यवसाय व्यवस्थित हुनुका साथै मनग्य माछा उत्पादन हुन थालेपछि सो तालमा आश्रित परिवार तथा समूह आत्मनिर्भर बन्दै गएका छन् (भुसाल, २०६५ ) ।

सहकारिताले साक्षरतादरमा वृद्धि ल्याएको, सामाजिक असमानता घटाउन सहयोग गरेको, महिलाको आयमा वृद्धि ल्याउनुको साथै सार्वजनिक क्रियाकलापमा समेत वृद्धि गराएको देखिन्छ ( पौड्याल २०००) ।

धरानस्थित राईटोलका महिलाहरुले सुरु गरेको न्यू जनकल्याणकारी वचत तथा ऋण सहकारी सस्थामा आवद्ध भएपछि थोरै आय आर्जन भएका महिलाहरुको आर्थिक जीवन सुधारिएको छ भने श्रोत र साधनमाथिको नियन्त्रणको तह पनि क्रमश बढ्रिहेको छ । बचत प्रक्रियमा सहभागी भएपछि महिलाहरुको घरायसी तथा सामुदायिक क्रियाकलापमा पहुँच बढ्दै गएको छ । महिलाहरु बचत समूहमा सहभागी भए पश्चात् समूहका भावी योजनामाथि छलफल गर्ने, रणनीति बनाउने, बचत परिचालनका क्षेत्र पहिचान गर्ने, ऋण असुली गर्ने उपाय खोज्ने र

सदस्यलाई नाफा दिलाउने सम्बन्धका बारेमा तर्क वितर्क गर्न सक्षम समेत हुँदै गएका छन् । जसले समाजका सकारात्मक प्रभाव पारेको छ ( राई, २०६५) ।

घरायसी आय बढाउन अधिकांश महिलाले आयमूलक कार्यक्रममा सहकारी मार्फत ऋण प्रयोग गर्छन् । सहकारीले गरिवी न्यूनीकरण र सामाजिक र आर्थिक कार्यक्रममा महिलाको सहभागिता बढाउनको लागि शक्तिशाली हतियारका रुपमा स्थापित भएको छ (भण्डारी २००१) ।

माथि उल्लेखित विभिन्न साहित्य विश्लेषणको आधारमा सहकारी विशेषगरी आर्थिक रुपमा कमजोर तथा महिला बर्गको आर्थिक तथा सामाजिक उन्नतिको लागि सहयोगी बनेको देखिन्छ । सहकारीको मुख्य उद्देश्य बचत रकम परिचालन गरी आयआर्जनका क्रियाकलाप मार्फत् आर्थिक रुपमा सम्पन्न बनाउने भएपनि आर्थिक पक्षसँगै अन्य पक्षहरु पनि सम्बन्धित हुने हुँदा सम्पूर्ण पक्षमा परिर्वतन तथा सुधार देखिन गएको हो भन्न सकिन्छ । सहकारीसंग सम्बन्धित रहेर अहिलेसम्म सम्पन्न भएका अध्ययनहरुमा विशेष रुपमा निम्न कुराहरु देख्न सकिन्छ :

- प्रायः सम्पूर्ण अध्ययनहरु निश्चित जात तथा सानो क्षेत्रमा सीमित भएका छन ।
- प्रायः सम्पूर्ण अध्ययनहरुले सहकारीको आर्थिक प्रभावमा मात्र केन्द्रित देखिन्छन् ।
- प्रायः सम्पूर्ण अध्ययनहरु समाजशास्त्रीय/मानवशास्त्रीय सिद्धान्त र विधिका आधारमा भएको देखिदैन ।

# अध्याय-तीन
# अनुसन्धान पद्धति

## ३.१. अध्ययनको ढाँचा

अनुसन्धान कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गर्नका लागि अनुसन्धान पूर्व नै तयार पारिएको वृहत् योजनालाई अनुसन्धान ढाँचा भनिन्छ । यस अध्ययनको उद्देश्यअनुसार सहकारीको विकास तथा त्यसले महिलामा ल्याएको परिर्वतनसँग सम्बन्धित तथ्याङ्क संकलन र विश्लेषण गरी वास्तविकताको खोजी गर्नका लागि वर्णनात्मक तथा अन्वेषणात्मक अनुसन्धानात्मक ढाँचाको प्रयोग गरिएको छ । सामान्यतः वर्णनात्मक अनुसन्धनात्मक ढाँचा कुनै पनि घटना तथा परिस्थितिको वर्णनसँग सम्बन्धित हुने गर्दछ । यस अध्ययन पनि सहकारिको विकास र त्यसले महिलामाथि पारेको प्रभावसम्बन्धी तथ्याङ्कको वर्णनसँग बढी सम्बन्धित भएकाले वर्णनात्मक ढाँचाको छनोट गरिएको हो । अनुसन्धानसँग सम्बन्धित चलहरु बीचको सम्बन्धको विश्लेषण गरी वास्तविकताको पहिचान गर्नका लागि अन्वेषणात्मक अनुसन्धनात्मक ढाँचाको प्रयोग गरिएको छ । सहकारीले निर्णय प्रकृयामा पारको प्रभावलाई हर्नका लागी अध्ययन क्षेत्रमा सहकारीमा संलग्न महिलाहरुको अवस्थालाई समय क्रमका आधारमा व्याख्या गर्नुपर्ने र उनिहरुको पहिलेको सथिति र हाल आएको परिवर्तनलाई वर्णन गरेर मात्र वास्तविक्ता थाहा पाँउन सकिने हुनाले यो अनुसन्धानमा व्याख्यात्मक र वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२. अध्ययन क्षेत्र छनौटको औचित्य

सफल अनुसन्धानका लागि अनुसन्धानकर्ताले छनौट गर्ने क्षेत्र एउटा महत्वपूर्ण विषय हो । अध्ययनको लागि आवश्यक अध्ययन क्षेत्रको रुपमा मकवानपुर जिल्ला गढी गा.वि.स. को वडा नं. ५, ६, ७, ८ र ९ लाई छनौट गरिएको छ । अध्ययन क्षेत्र मकवानपुर जिल्लाको सदरमुकामसंग जोडिएको, विकासका भौतिक पुर्वाधारहरुको विकास भएको, स्थानीय स्तरमा संचालित महिला सहकारीले महिलालाई प्रत्यक्ष प्रभाव पार्न सकेको भएपनि हालसम्म सहकारीले महिलामाथी पारेको प्रभाव सम्वन्धि कुनै अध्ययन अनुसन्धान नभएकोले समाजशास्त्रीय विधि र सिद्धान्त प्रयोग गरी वास्तविकता पहिचान गर्न यस क्षेत्रलाई छनौट गरिएको छ ।

## ३.३ तथ्यांकको स्रोत र प्रकृति

अध्ययनमा प्रयोग भएका सम्पूर्ण तथ्यांकहरु प्राथमिक र द्वितिय स्रोतवाट संकलन गरिएको हो । प्राथमिक तथ्यांकहरु स्थलगत सर्वेक्षणवाट संकलन गरिएको छ भने द्वितिय तथ्यांकहरु विभिन्न अध्ययन प्रतिवेदन र सरकारी तथा गैर सरकारी निकायवाट प्रकासित लेख तथा बुलेटिनहरुबाट संकलन गरिएको छ। प्राथमिक स्रोतबाट अध्ययन सँग सम्बन्धित सहकारीको वास्तविक अवस्था, यसको कार्यक्षेत्र, यसका गतिविधिलाई तथ्यगत रुपमा हेर्न सकिने जसले गर्दा सहकारीको प्रभावलाई व्यवहारिक रुपमा बुझ्न र विश्लेषण गर्न सहयोग पुग्ने हुनाले यस अध्ययनमा प्राथमिक स्रोतको छनौट गरिएको छ भने सहकारि सम्बन्धि अवधारण र यसले समाजका विविध क्षेत्रमा पार्न सक्ने प्रभावको सैद्धान्तिक पक्षलाई स्पष्ट पार्न द्वितीय श्रोत उपयोगी हुने हुनाले अध्ययनमा तथ्याङ्क संकलनका लागि द्वितीय श्रोतको पनि छनौट र प्रयोग गरिएको छ।

अध्ययनमा गुणात्मक र परिमाणात्मक गरी दुवै प्रकृतिका तथ्यांकहरु प्रयोग गरिएको छ । खासगरी सहकारीमा भएको सदस्य संख्या, सहकारी निर्माणको समय, बचत रकम, परिचालन गरिएको ऋण, ऋण फिर्ता समय, सदस्यहरुको उमेर र संख्या, ऋण परिचालनबाट प्राप्त आम्दानी आदि जस्ता पक्षहरुसंग सम्बन्धित तथ्यहरुलाई संख्यात्मक रुपमा प्राप्त भएका छन् । त्यस्तै सहकारीप्रति सदस्यहरुलाई आकर्षणका तत्वहरु, सहकारीले महिलामा पारेको प्रभाव, संवेग, भावना आदिसंग सम्बन्धित तथ्याङ्कहरु गुणात्मक रुपमा प्राप्त भएका छन् ।

## ३.४ अध्ययनको समग्रता

अध्ययनको लागि छनौट गरिने क्षेत्र मकवानपुर जिल्लाको मकवानपुर गढी गा.वि.स.को वडा नं ५-९ का ८५१ जना सहकारीका सदस्य मध्ये सहकारीमा आवद्ध ५३ जना महिलाहरु नै अध्ययनको जनसंख्या वा समग्रता हुन । सहकारीमा आवद्ध सम्पुर्ण महिलाहरुलाई उत्तरदाताको रुपमा स्वीकार गरिएकोले अध्ययन नमुना छनौट बिधिमा आधारित नभै जनगणना विधिमा आधारित रहेको छ ।

## ३.५. तथ्याङ्क संकलनका प्रविधि

### ३.५.१ अन्तरवार्ता सूची

सूचनादाताहरुको प्रत्यक्ष भेटमा प्राथमिक तथ्याङ्कहरु संकलन गर्ने महत्वपूर्ण विधि अन्तर्वार्ता हो । अध्ययनको उद्देश्य अनुसार अध्ययन क्षेत्रमा जानुभन्दा अगाडि उत्तरदाताको रुपमा छनौट भएका सहकारीमा आबद्ध महिला सदस्यहरुसंग अन्तर्वार्ता विधि मार्फत सुचना संकलन गर्नकालागि अन्तर्वार्ताको सूची निर्माण गरियो । निर्माण पारिएको अन्तर्वार्ता सूची अनुसूची १ मा समावेश गरिएको छ ।

त्यसैगरी अध्ययनमा आवश्यक अन्य तथ्याङ्क संकलन गर्नका लागि मुख्य सूचनादाताहरुसँगं असंरचित प्रकृतिको अन्तर्वार्ता पनि सम्पन्न गरिएको छ । सहकारीले समाजमा पारेका प्रभाव, अध्ययन क्षेत्रको समग्र अवस्था, समाजको परिर्वतन र विकास, महिलाको सामाजिक तथा सार्वजानिक क्रियाकलापमा सहभागिताको अवस्था आदिसँग सम्बन्धित तथ्यहरु मुख्य सुचनादातासँगको अन्तर्वार्ताको सहयोगमार्फत संकलन गरिएको छ । अध्ययनको विषय वस्तुको परिधि भित्र रहेर अध्ययनका लागि आवश्यक सूचनाहरु प्राप्त गर्न र उत्तरदातालाई अध्ययन विषयसँग मात्र केन्द्रित रहेर उत्तर दिने सहज वातावरण श्रृजना गरी आवश्यक सूचनाहरु मात्र संकलन गर्नका साथै संकलीत तथ्याङ्कमा एक रुपता ल्याउन र तथ्याङ्कहरुको सत्यापन गर्न सहज हुने हुनाले अन्तर्वाता अनुसूचीको छनौट गरिएको हो ।

### ३.५.२. अवलोकन विधि

प्रस्तुत अध्ययनको लागि अवलोकन विधिको पनि प्रयोग गरिएको छ । अध्ययन क्षेत्र तथा विषयसँग संबन्धित महिलाहरुको अनुसन्धानकर्ताले पटक पटक प्रत्यक्ष अवलोकन गरी उनीहरुका व्यवहार तथा सहकारीले परेको प्रभावसंग सम्वन्धित सूचनाको संकलन गरिएको छ । अवलोकनको क्रममा भौतिक पक्षको साथसाथै संवेगात्मक पक्षको पनि अध्ययन भएको छ । अवलोकन विधिबाट तथ्याङ्क संकलन गर्दा घटनालाई प्रत्यक्ष रुपमा देखेर वास्तविकता बुझ्न सकिने, यसबाट घटनाको सक्ष्म अध्ययन गर्न सकिने, सामूहिक व्यवहारको अध्ययन गर्न सकिने र घटनाको कारण र प्रभावलाई सक्ष्म रुपमा बुझ्न र पहिचान गर्न सकिनुका साथै यसबाट प्राप्त सूचनाहरु बढी विश्वस्नीय हुने भएकोले यो अध्ययनमा तथ्याङ्क संकलनको लागि अवलोकन विधिको प्रयोग गरिएको छ । अवलोकनको क्रममा नै अनुसन्धानकर्ताले अन्तर्वाता सूचीवाट प्राप्त सुचनाको अप्रत्यक्ष रुपमा परीक्षण तथा पुन-परीक्षण समेत गरिएको छ ।

## ३.६. तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

उत्तरदाताको रुपमा छनोट गरिएका उत्तरदातासंग लिइएको अन्तर्वार्ता, अवलोकन, मुख्य सूचनादातासँगको अन्तर्वार्ता तथा द्वितीय श्रोतबाट संकलित तथ्याङ्कहरुलाई आवश्यकताअनुसार सम्पादन र तालिकीकरण गरियो । अध्ययनमा अन्तर्वार्ता तथा द्धितीय श्रोतबाट संकलित भएका तथ्यहरुलाई संख्यात्मक र गुणात्मक रुपमा विश्लेषण गरिएको छ । अन्तर्वार्ता, मुख्य सूचनादातासँगको अन्तर्वार्ता तथा द्वितीय श्रोतबाट संकलित संख्यात्मक तथ्यहरुलाई आवश्यकताअनुसार तालिका, स्तम्भ चित्र, वार ग्राफ, पाइचार्टको माध्याम मार्फत प्रस्तुत गरिएको छ । संख्यात्मक सूचनाहरुलाई सामान्य तथ्याङ्कशास्त्रीय विधि (प्रतिशत) को प्रयोग गरी विश्लेषण गरिएको छ । अन्तर्वार्ता, मुख्य सूचनादातासँगको अन्तर्वार्ता, अवलोकन तथा द्वितीय श्रोतबाट संकलित गुणात्मक तथ्यहरुलाई कारण र प्रभावको आधारमा व्याख्या गरी विश्लेषण गरिएको छ । विभिन्न विधि मार्फत संकलित तथ्याङ्कलाई विश्लेषणको क्रममा विभिन्न उप-शीर्षकमा विभाजन गर्दै व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३.७. अध्ययनको सिमा

अध्ययनको मुख्य क्षेत्रको रुपमा मकवानपुर जिल्ला मकवानपुरगढी गा.वि.स. लाई छनौट गरिएको छ । जस अन्तर्गत रहेको महिला जागरण वचत तथा ऋण सहकारीलाई अध्ययनको केन्द्र मानिएको छ । अनुसन्धान सहकारीले महिला तथा समाजमा पारेको प्रभावको विश्लेषण मा केन्द्रित रहेको छ । यस अनुसन्धानका कठिनाई तथा सीमाहरुलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

- अध्ययनका उद्देश्यहरु सिमित भएकोले अध्ययनले सानो क्षेत्रलाई मात्र समेटिएको छ ।
- प्रस्तुत अध्ययन धेरै विधिबाट गर्न सकिन्छ तर समय स्रोत र साधनका कारण सीमित विधिलाई मात्र अनुसन्धानमा प्रयोग गरिएको छ ।
- विषयलाई अन्य धेरै सैद्धान्तिक पृष्ठभूमिमा व्याख्या गर्न सकिने भएपनि आधुनिकीकरण सिद्धान्तलाई मात्र प्रयोग गरिएको छ ।
- अध्ययन मकवानपुर जिल्ला गढी गा.वि.स. सहकारीमा सहभागी सीमित महिलासंग सम्बन्धित आर्थिक, शैक्षिक तथा निर्णय प्रक्रियामा पारेको प्रभावसंग सम्बन्धित भएर गरिएको हुँदा अध्ययनबाट प्राप्त निष्कर्ष सम्पूर्ण क्षेत्रका महिलाका सम्पूर्ण क्षेत्रसंग सम्बन्धित हुन सक्दैन ।

# अध्याय चार
# अध्ययन क्षेत्रको पृष्ठभूमि

## ४.१.गढी गा.वि.स. एक परिचय :

नेपाल प्राकृतिक सुन्दरता, भौगोलिक एवं जैविक विविधताले भरिपूर्ण मुलुक हो । सँस्कृति, कला र पर्यटनमा त झन् विश्व नै लोभ्याउने स्थलहरु र सम्पदाहरु नेपालमा रहेका छन् । नेपालका धेरै महत्वपुर्ण स्थानहरु मध्ये मकवानपुर जिल्ला पनि एक हो । मकवानपुर जिल्ला नेपालको राजधानी काठमाडौदेखि दक्षिणतर्फ अवस्थित छ । नेपालको राजधानी काठमाण्डौंलाई तराईसँग जोड्ने जिल्ला हो, मकवानपुर ।

मकवानपुर जिल्लामा पर्ने ४३ वटा गा.वि.स. मध्ये मकवानपुरगढी गा.वि.स. पनि एक हो । यो गा.वि.स. मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडाबाट करीव १० कि.मि. उत्तर-पूर्वमा अवस्थित छ । यो गा.वि.स. पूर्व-पश्चिम भएर फैलिएको छ । यसको पूर्वमा केहि फराकिलो हुदै पश्चिम तर्फ सागुरिदै गएको छ । यसको क्षेत्रफल ५१.५६ व.कि.मि. रहेको छ । गा.वि.स. को पूर्वमा ठिंगन गा.वि.स., उत्तरमा सुकौरा र आमभञ्ज्याङ गा.वि.स., दक्षिणमा हर्नामाडी र हटिया साथै पश्चिम तर्फ हेटौडा नगरपालिका संग सिमाना जोडिएको छ । यसको औसत उचाइ १००० मी. रहेको छ । यहाँको सबै भन्दा उच्च भागमा जङ्गे दरवार अथवा ढुङ्गे गढी १३७५ मी. मा छ भने सबै भन्दा होचो सामरी पुल ४७६ मी. मा रहेको छ । साँस्कृतिक तथा प्राकृतिक विविधताले भरिएको यस जिल्लामा मकवानपुर गढीले ऐतिहासिक महत्व समेत बोकेको छ ( के.त.बि. २०५८ ) । गढी गा.वि.स. राजा मकुन्द सेनले राज्य गरेको हुनाले उनकै नाम बाट मकवानपुर गढी रहन गएको किंवदन्ती पनि रहेको छ । त्यसैले यहाँको गढी दरवार ऐतिहासिक, पुरातात्विक र पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिन्छ । राजा पृथ्वीनारायण शाहको ससुराली गाउँको रुपमा रहेकोले पनि यसको महत्व बढी नै छ । नेपाल एकीकरण अभियानको क्रममा काठमाण्डौको सहयोगका लागि नेपाल प्रवेश गरेका अंग्रेज फौजसंग गोरखाली सेनाहरुले वीरताका साथ लडी विजय हासिल गरेको इतिहास पनि बोकेको छ यस गढी गा.वि.स.ले ।

## ४.२. अध्ययन क्षेत्रको जनसंख्याको स्थिति

२०५८ सालको राष्ट्रिय जनगणना अनुसार यस गा.वि.स.मा जम्मा घरधुरी संख्या २४९० रहेका छन । जसमा कुल जनसंख्या १४००३ रहेको छ । कुल जनसंख्यामा ५०.९८ प्रतिशत

पुरुष ४९.२ प्रतिशत महिला रहेको छ । नेपालको जनसंख्याको प्रकृति भन्दा फरक यस गा.वि.स. मा महिलाको तुलनामा पुरुषको जनसंख्या बढी छ । गा.वि.स.मा उमेर समूह अनुसारको जनसंख्याको स्थिति विवरण तालिका नं. १ मा देखाउन सकिन्छ ।

**तालिका नं.१:**

**अध्ययन क्षेत्रमा रहेका उमेर समूह अनुसारको जनसंख्याको स्थिति विवरण (वडा अनुसार)**

| वडा नं | कुल घरधुरी | कुल पुरुष | कुल महिला | कुल जन संख्या | उमेर समूह अनुसारको जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०-५ | | ५-१५ | | १५-५९ | | ६० माथि | |
| | | | | | पु. | म | पु. | म | पु | म | पु | म |
| १ | २८१ | ८८१ | ८०९ | १६९० | १८९ | १७८ | २६२ | २३० | ४०१ | ३७० | २९ | ३१ |
| २ | १८४ | ५६१ | ६०७ | १०६८ | ११० | ११६ | १५१ | ११६ | २७५ | २५७ | २५ | १८ |
| ३ | ४०६ | ११६४ | ११६७ | २३३१ | २१६ | २२५ | ३०७ | ३५० | ५७८ | ५३६ | ६३ | ४६ |
| ४ | २८५ | ८५० | ८६० | १७१० | १४२ | १६८ | २३४ | २४० | ४१८ | ४०३ | ४६ | ४९ |
| ५ | २४६ | ६६४ | ६४० | १३०४ | ७९ | ८९ | १७७ | १८७ | ३६६ | ३२४ | ४२ | ३१ |
| ६ | १७० | ४९४ | ४८१ | ९७५ | ८१ | ६१ | १३१ | १५२ | २५६ | २४१ | २६ | २७ |
| ७ | १९७ | ५६५ | ५४५ | १११० | ९५ | ८३ | १३३ | १५६ | ३०५ | २७५ | ३२ | ३१ |
| ८ | ३४७ | ९७२ | ९३२ | १९०४ | १४८ | १५६ | २५० | २४४ | ५५४ | ४९८ | २० | ३४ |
| ९ | ३७४ | ९८९ | ९२२ | १९११ | १८६ | १७० | २५१ | २२५ | ५३४ | ४९७ | १८ | ३० |
| जम्मा | २४९० | ७१४० | ६८६३ | १४००३ | १२४६ | १२५५ | १८९६ | १९०० | ३६८७ | ३४०१ | ३११ | ३०७ |

स्रोत : गा.वि.स. तथ्यांक,२०६५

तालिका नं. १ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रको रुपमा रहेको गढी गा.वि.स.का वडाहरुमा सवैभन्दा कम जनसंख्या वडा नं. ६ मा रहेको छ भने सवैभन्दा बढी वडा नं. ३ मा रहेको छ । वडा नं. ६ मा सवैभन्दा थोरै जनसंख्या ९७५ हुनुमा क्षेत्रफलको दृष्टिकोणवाट यो वडा सानो हुनु, यहाँका मानिस अन्य वडाको तुलनामा वढी शिक्षित तथा चेतनशील भएकोले सानो परीवारको अवधारणाप्रति प्रेरित हुनुले मुख्य भूमिका निर्वाह गरेको देखिन्छ । भने वडा नं. ३ मा सवैभन्दा धेरै जनसंख्या २३३१ हुनुमा यो वडा गा.वि.स. को दुर्गम क्षेत्रमा अवस्थित हुनुले विकासका पुर्वाधार विकास नहुनु, क्षेत्रफलको दृष्टिकोणवाट सवैभन्दा ठूलो हुनु तथा यस वडामा बस्ने मानिसहरु अन्यको तुलनामा कम शिक्षित हुनु जस्ता कारणहरु जिम्मेवार देखिन्छन ।

## ४.३ अध्ययन क्षेत्रको शैक्षिक संस्थाहरुको अवस्था

मकवानपुर गढी गा.वि.स. जिल्ला सदरमुकाम हेटौंडादेखि धेरै टाढा नभएता पनि शिक्षाको अवस्था धेरै उत्कृष्ट नभएपनि सन्तोषजनक नै देखिन्छ । गा.वि.स. मा निजी तथा सरकारी गरी १७ विद्यालय रहेका छन भने गा.वि.स. का सवै वडामा न्यूनतम एउटा विद्यालय रहेको पाइन्छ । शिक्षाको लागि भौतिक पूर्वाधारको अवस्था राम्रै भएपनि शिक्षाप्रतिको चेतनाको कमी, गरीवी, बेरोजगार जस्ता कारणबाट विद्यालयमा जाने वालवालिकाको संख्यामा कमी आएको तथ्याङ्कले देखाउँदछ । अध्ययन क्षेत्रमा अवस्थित, विद्यालय शिक्षक र विद्यार्थीको अवस्थालाई तालिका नं. २ प्रस्तुत गरिएको छ ।

**तालिका नं २ :**

**अध्ययन क्षेत्रमा शैक्षिक संस्थाहरुको विवरण**

| क्र.स. | विद्यालयको नाम, ठेगाना | संचालित कक्षा | शिक्षकहरुको विवरण | | | कुल विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|
| | | | दरवन्दी | कार्यरत | | छात्र | छात्रा |
| | | | | पु. | म. | | |
| १ | श्री भानु मा.वि. गढी-६ | १-१० | १४ | ११ | ३ | ३३२ | ३३५ |
| २ | श्री सरस्वती प्रा.वि. गढी-५ | १-५ | ६ | ६ | ० | १०३ | १४५ |
| ३ | श्री कालिदेवी प्रा.वि. गढी-७ | १-५ | ६ | ४ | २ | ११० | १४२ |
| ४ | श्री ज्वालादेवी प्रा.वि. गढी-८ | १-५ | ६ | ३ | ३ | १५४ | ११९ |
| ५ | श्री मनकामना प्रा.वि. गढी-९ | १-५ | ५ | ३ | २ | ११७ | ९८ |
| ६ | श्री जुनेली ई.बो.स्कुल गढी-६ | नर्सरी-१ | ४ | २ | २ | ४९ | ११ |
| ७ | श्री प्रतिभा प्रा.वि. गढी-९ | १-३ | २ | १ | १ | ३२ | ३९ |
| ८ | श्री बाल प्रगति प्रा.वि. गढी-५ | १-३ | २ | २ | ० | ३० | ४० |
| ९ | चण्डिका मा.वि. गढी ४ | १-१० | १२ | ११ | १ | २६३ | २५८ |
| १० | रानीसेरा प्रा. वि. गढी १ | १-५ | ४ | ४ | ० | ११६ | ६२ |
| ११ | रत्नदेवी प्रा.वि. गढी २ | १-५ | ४ | २ | २ | ६१ | ७३ |
| १२ | कालिदेवी प्रा.वि. गढी ३ | १-५ | ४ | ३ | १ | ९१ | ७४ |
| १३ | हेमकर्ण प्रा.वि. गढी ३ | १-५ | ४ | ४ | ० | १२३ | १०१ |
| १४ | वंशगोपाल प्रा.वि. गढी ४ | १-५ | ५ | ५ | ० | १०२ | १११ |
| १५ | आापटार प्रा.वि. गढी १ | १-३ | २ | २ | ० | ३० | ५१ |
| १६ | शुभलाल प्रा.वि. गढी १ | १-३ | २ | २ | ० | ३२ | ३९ |
| १७ | लेना डाँडा प्रा.वि. गढी २ | १-३ | २ | २ | ० | ३० | ४२ |
| जम्मा : | | | ८४ | ६७ | १४ | १७८५ | १७४४ |

स्रोत : गा.वि.स. तथ्यांक, २०६५

माथिको तालिकालाई विश्लेषण गर्ने हो भने प्रस्तुत अध्ययन क्षेत्रमा छोराछोरी प्रति गरिने विभेद अन्य समाजको तुलनमा न्यून नै रहेको देखिन्छ । सरकारी विद्यालयमा छात्र र

छात्राहरुको उपस्थित संख्याको अनुपात समान देखिनुले पनि यस क्षेत्रमा शिक्षामा खास विभेद छैन भन्न सकिन्छ । तर बोर्डिङ स्कूलको सर्न्दभा भने छोरीको तुलनमा छोराको सहभागिता वढी नै देख्न सकिन्छ ।

## ४.४. अध्ययन क्षेत्रको साक्षरताको अवस्था

शिक्षा समाज विकासको प्रमुख साधन हो । शिक्षाविना समाजको कुनै पनि विकास असंभव रहेको छ । अध्ययन क्षेत्रको रुपमा रहेको यस गढी गा.वि.स. को शैक्षिक अवस्था औसत रुपको देखिन्छ । गा.वि.स.मा शिक्षितहरुको संख्या सन्तोषजनक नदेखिएता पनि निरक्षहरुको संख्या पनि न्यून नै रहेको छ । समग्रमा नेपालको साक्षरताको अवस्थासँग यस गा.वि.स. को अवस्था पनि मिल्दो जुल्दो नै देखिन्छ । अध्ययन क्षेत्रको साक्षरता अर्थात् शैक्षिक अवस्थालाई तालिका नं. ३ मा प्रस्तुत गरिन्छ

**तालिका नं.३**

**शैक्षिक स्थितिका आधारमा जनसंख्याको अवस्था ।**

| वडा नं | साक्षर जनंख्या | | प्रा.वि.तहको शिक्षा प्राप्ति | | टेष्ट पास | | S.L.C पास | | आइ .ए. पास | | वि.ए.वा सो भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. |
| १ | ३३८ | १९० | २ | १ | १ | ० | २ | ० | ० | ० | १ | ० |
| २ | २४० | १२६ | १० | २ | १ | ० | ४ | ० | ० | ० | ० | ० |
| ३ | ४५१ | २६० | २१ | ६ | ६ | ० | ६ | २ | २ | ० | ० | ० |
| ४ | ९३७ | २४५ | ३६ | १४ | ७ | ० | ९ | १ | १ | ० | १ | ० |
| ५ | ३५६ | २७९ | ४१ | २३ | १४ | ३ | ४६ | १३ | ९ | २ | ४ | २ |
| ६ | २७७ | २२१ | ३१ | २५ | १८ | १ | ४१ | १५ | १० | ४ | ९ | १ |
| ७ | २५३ | २०१ | ३ | ५ | २ | ३ | ९ | ७ | १० | १ | ८ | ० |
| ८ | १९२ | २२६ | ९ | ७ | ५ | ९ | १४ | ७ | ४ | २ | ६ | १ |
| ९ | २३१ | १३४ | ११ | ८ | २ | ० | ८ | २ | ६ | २ | १ | ० |
| जम्मा | २१७५ | १८८२ | १६४ | ९१ | ५६ | १७ | १३९ | ४७ | ४२ | ११ | ३० | ४ |

स्रोत : गा.वि.स. तथ्यांक,२०६५

अध्ययन क्षेत्रमा माथिल्लो कक्षा उत्तीर्ण गर्नेहरुको संख्या कम देखिन्छ । मुलुकमा एस.एल.सी. उत्तीर्णलाई सामान्य मानिसकिएको भएपनि यस क्षेत्रमा उक्त संख्या त्यति धेरै भने देख्न सकिदैन । त्यसमा पनि महिलाहरुको संख्या पुरुषको तुलनामा धेरै नै न्यून रहेको छ । गा.वि.स. भरिमा माध्यामिक विद्यालय २ मात्र हुनु, शिक्षाको महत्व समाजको सवै तह र तप्कामा पुग्न नसक्नु,समाजमा गरिवी र बेरोजगारको समस्या विद्यमान हुनु, समाजमा पितृसतात्मक सोच विद्यमान रहनु जस्ता कारणहरुले अध्ययन क्षेत्रको शिक्षाको अवस्थामा वृद्धी हुन नसकेको हो भन्न सकिन्छ ।

## ४.५. अध्ययन क्षेत्रको स्वास्थ्य अवस्था

मानव जीवनको सबैभन्दा बढी संवेदनशील क्षेत्र भनेको नै स्वास्थ्य हो । स्वस्थ मानिसले नै स्वस्थ समाज र मुलुकको निर्माण गर्न सक्छ । स्वस्थ समाजको परिकल्पना गरेर नै स्थानिय निकायले समुदायमा विभिन्न कार्यक्रमहरु संचालन गर्ने गरेको छ । स्वास्थ्य नीति २०४८ अनुसार हरेक गा.वि.स. मा आधारभूत प्राथमिक स्वास्थ्य संस्थाहरु स्थापना गर्ने नीति अनुसार यस गा.वि.स. मा पनि स्वास्थ्य संस्था स्थापना भई विभिन्न कार्यक्रमहरु लागू भइरहेका छन् ।

अध्ययन क्षेत्रमा बालवालिकाका लागि दिइदै आएका विभिन्न प्रकारका खोपहरु प्रभावकारी रुपमा लागू प्रयोगमा आएको देखिन्छ । यस क्षेत्रका मानिसहरुको चेतनाको कारणले प्राय सवै बालवालिकाहरु उक्त खोपहरुबाट लाभान्वित हुदै आएका छन् । गा.वि.स.मा स्थानीय आमा समूह, महिला स्वास्थ्य स्वयं सेविका, विभिन्न क्लव तथा सरकारी एवं गैह्र सरकारी संस्था मार्फत विषेश गरी महिला तथा बालवालिकाहरुलाई स्वास्थ्य सम्वन्धी चेतनामुलक कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्दै आएका छन् । जसको कारण नै यस क्षेत्रमा स्वास्थ्य सम्वन्धि जनचेतनाको कमिको कारण अकालमा ज्यान गुमाउने मानिसको संख्या अत्यन्त न्युन रहेको देखिन्छ ।

## ४.६. अध्ययन क्षेत्रको कृषि तथा पशुपालनको अवस्था

नेपाल कृषी प्रधान मुलुक हो । जसको अहिले सम्म पनि ७० प्रतिशत भन्दा वढी जनसंख्या कृषीमा आधारित छन । समग्र मुलुकको कृषिको अवस्था जस्तै अध्ययन् क्षेत्रमा वसोवास गर्ने अधिकांस मानिसहरु पनि अधिकांश कृषिमा आधारित रहेका छन् । देशकै प्रमुख समस्या बनेको निर्वाहमुखी खेती प्रणाली पनि यस क्षेत्रका मानिसहरुको समस्या

वनेको छ । निर्वाहमुखी कृषी प्रणालिवाट अध्ययन क्षेत्रका मानिसहरु असन्तुष्ट हुदै अध्ययन क्षेत्रका वैकल्पिक पेशातर्फ आकर्षण वृद्धि हुदै गएको भएपनि बाध्यताका कारण निर्वाहमुखी अन्नवाली, फलफूल, पशुपालन जस्ता कार्यलाई आफ्नो आय आर्जनको बाटोको रुपमा निरन्तरता दिदै आएका छन् । अध्ययन क्षेत्रमा रहेको जमिनको किसिम तथा अवस्थालाई तालिका नं.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४**

**अध्ययन क्षेत्रमा रहेको जमिनको अवस्था ।**

| क्र.सं. | वडा नं | खेत ( बिघा ) | पाखो /बारी ( बिघा ) |
|---|---|---|---|
| १ | १ | - | ५२.५ |
| २ | २ | - | १०२ |
| ३ | ३ | - | ३८३.५ |
| ४ | ४ | ३५.५ | ७७ |
| ५ | ५ | ५४ | १५४.५ |
| ६ | ६ | १७.५ | १५३.५ |
| ७ | ७ | ११ | १०४.५ |
| ८ | ८ | ५.५ | २०४.५ |
| ९ | ९ | ९ | १७८ |
| | जम्मा : | १३२.५ | १४१० |

स्रोत : गा.वि.स. तथ्यांक, २०६५

माथिको तालिका विश्लेषण गर्दा गा.वि.स.को वडा नं. १, २ र ३ मा धान खेतीको लागि उपयुक्त जमिन भेट्न सकिदैन भने गा.वि.स.को वडा नं. ५ मा सवैभन्दा वढी खेत देखिएको छ । त्यस्तै पाखो/वारी वडा नं. ३ मा सवैभन्दा बढी र वडा नं. ४ मा सवैभन्दा कम देख्न सकिन्छ । गा.वि.स. को वडा नं. ५ मा रहेका विभिन्न खोल्सा / खोल्सीमा पानी हुनु, सिचाइको सम्भावना रहनु तथा जमिन पनि केही समथर भएकोले सो वडामा अन्य वडाको तुलनामा धान खेती हुने जमिन बढी रहेको छ ।

पशुपालन कृषकको लागि अपरिहार्य पेशा हो । रासायनिक तथा विभिन्न प्राङ्गारिक मलको प्रयाप्तता नहुने स्थानमा पशुको गोवरलाई नै कृषिको लागि आवश्यक मलको रुपमा प्रयोग गर्ने प्रचलन समाजमा अहिले पनि बिद्यमान नै रहेको छ । मानवको लागि आवश्यक दुध,

मासु तथा कृषिको लागि आवश्यक मलको लागि अध्ययन क्षेत्रमा पनि पशुपालन पेशालाई अवलम्वन गरेको पाइन्छ । अध्ययन क्षेत्रमा रहेका पशुहरुको अवस्थालाई तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५**

**अध्ययन क्षेत्रको पशुपालनको अवस्था**

| क्र.सं. | वडा नं | गाई | | भैसी | | बाखा | | कुखुरा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत | स्थानीय | उन्नत |
| १ | १ | २१६ | २ | ८६ | ० | ४९० | ० | ८७५ | ० |
| २ | २ | १०५ | ० | ८६ | ० | ५८१ | ० | ७५४ | ० |
| ३ | ३ | ३२९ | १२ | ११२ | ० | १०३५ | ० | १८३५ | ० |
| ४ | ४ | १७९ | १८ | १७३ | ० | ५५४ | ० | ८२७ | ० |
| ५ | ५ | २१२ | २३ | २०३ | ८५ | ६६४ | ११ | ७२० | ० |
| ६ | ६ | १५७ | १४ | १९२ | ५५ | ३२० | ५ | १२७ | ० |
| ७ | ७ | १८१ | ० | ८९ | ० | २१३ | ० | ३६१ | ० |
| ८ | ८ | ३२३ | ० | १४१ | ० | ५०० | ० | ७३८ | ० |
| ९ | ९ | ३३६ | ० | ६६ | ० | ६०० | ० | २१६ | ० |
| | जम्मा: | २०३८ | ६९ | १४४८ | १४० | ४९५७ | २५ | ६२५३ | |

स्रोत : गा.वि.स. तथ्यांक,२०६५

अध्ययन क्षेत्रमा तालिकामा उल्लेख भएका जनवार बाहेक अन्य जनवारहरु पालिने भएपनि गाई, भैंसी, बाखा र कुखुरा पाल्ने प्रचलन बढी रहेको पाइयो । तालिकामा उल्लेख भएका तथ्याङ्कमा उन्नत जातका जनवारहरु भन्दा स्थानिय स्थानिय जनवार पाल्ने प्रचलन रहेको देखिन्छ । प्रयाप्त ज्ञानको अभाव, सुविधा सम्पन्न वजार ब्यवस्थापनको अभाव, आर्थिक कमजोरी जस्ता कारणहरुले गर्दा नै अध्ययन क्षेत्रमा उन्नत भन्दा स्थानिय पशुपालनले वाहुल्यता पाएको हो ।

## ४.७. अध्ययन क्षेत्रमा विकासका पूर्वाधारको अवस्था

### ४.७.१ यातायातको स्थिति

गढी गा.वि.स. मकवानपुर जिल्लाको सदरमुकाम हेटौडाबाट नजिकै भएतापनि यातायातको त्यति राम्रो अवस्था छैन । हालसालै अथवा ५-६ वर्ष अगाडि मात्र यस क्षेत्रमा कच्ची सडक निर्माण भएको छ । जसले नै यस गा.वि.स.लाई जिल्ला सदरमुकामसँग प्रत्यक्ष रुपमा जोडेको छ । अध्ययन् क्षेत्रमा ७ कि.मि. ग्रावेलिङ सडक र अन्य कच्ची सडक १५ कि.मि. रहेको देखिन्छ । सडक निर्माण पश्चात अध्ययन क्षेत्र र बजार बीचको सम्वन्धलाई प्रगाढ बनाएको छ भने स्थानीय उत्पादनलाई वजारसम्म पुऱ्याउन स्थानीय वासिन्दालाई सहयोग पुऱ्याएको छ ।

### ४.७.२. संचार र विद्युतको अवस्था

मुलुकमा भएको २०४६ सालको राजनैतिक परिवर्तन पश्चात नै यस गा.वि.स. विद्युत र संचारको क्षेत्रमा विकास हुन थालेको स्थानीय वासिन्दाको भनाई रहेको छ । हेटौंडा जस्तो आद्योगिक शहरको नजिकै भएर पनि अध्ययन क्षेत्रमा विद्युतीकरणको लागि स्थानीय वासिन्दाले लामो समय कुर्नु पर्यो । २०५२ सालमा पहिलो पटक यस क्षेत्रमा विद्युतीकरणको शुरुवात भएको देखिन्छ । स्थानीय वासिन्दाको सक्रियता तथा गा.वि.स. एवं जि.वि.स.को पहलमा २०५८ सालमा गा.वि.स. का सवै क्षेत्रमा विद्युतीकरण भएको छ । हाल यस गा.वि.स. क्षेत्रमा एउटा थ्रिफेज लाईन र ३ वटा ट्रान्सफर्मरबाट विद्युत आपुर्ति भइरहेको छ । जसबाट अध्ययन क्षेत्रका वासिन्दाले बत्ती बाल्ने, मिल सञ्चालन गर्ने तथा स-साना उद्योगहरु सञ्चालनको काम भइरहेको छ ।

संसारमा भइरहेको सञ्चारको विकासले यस गा.वि.स.लाई पनि प्रत्यक्ष प्रभाव पारेको छ । अध्ययन क्षेत्रमा पहिलो पटक २०६२ सालमा तारवाला सेट गा.वि.स. कार्यालयमा भित्रिएको थियो । मुलुकमा भएको २०६३ को राजनैतिक परिवर्तन संगै यस सञ्चार क्षेत्रमा आमूल परिवर्तन भएको देखिन्छ । हाल यस क्षेत्रका ६०% भन्दा बढी मानिसहरु मोवाईल फोनका प्रयोग कर्ता भएका छन् । गा.वि.स.मा रेडियो, पत्रपत्रिका, टि.भि. आदी जस्ता सञ्चारका साधन सजिलै उपलब्ध हुन्छन् ।

### ४.७.३ खानेपानीको स्थिति

खानेपानी मानिसको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पार्ने तत्वहरु मध्ये एक हो । अध्ययन क्षेत्रको अधिकांश क्षेत्र पहाडले भरिएको छ । अध्ययन क्षेत्रमा व्यवस्थित रुपले खानेपानी उपलब्ध गराउने उद्देश्य २०४२ सालमा स्वीकृत भई २०५० सालमा सम्पन्न एक वृहत् खानेपानी आयोजना सञ्चालनमा रहेको छ । उक्त आयोजनाबाट करिब ७५% मानिसले खानेपानी उपभोग गर्दछन् । यसका अतिरिक्त स्थानीय स्तरमा किनार, कुवा, ढुंगेधारा आदिको पनि प्रयोग हुँदै आइरहेको छ ।

# अध्याय-पाँच
# सहकारी र निर्णय प्रक्रियामा यसको प्रभाव

## ५.१ सहकारीको सुरुवात र महिला सहभागिताका उत्प्रेरक तत्वहरु

न्यून रकम जम्मा गरेर व्यक्तिगत तथा पारिवारिक समस्या समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय महिलाको सक्रियतामा वि स २०५२ सालमा मासिक रु ५ सकलन गर्ने गरी एक महिला बचत समूहको गठन भयो । शुरुवातमा गठन भएको बचत समूहले क्रमशः आर्थिक फाइदा गरेको समाजमा देखिन थाल्यो । एकातर्फ थोरै रकम संकलन गरी धेरै रकम लगानी गर्न पाउने र अर्को तर्फ विभिन्न गैर सरकारी संस्थाहरुले बचत तथा रकम परिचालनका फाइदासम्बन्धी विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरेपश्चात् यस क्षेत्रमा सहकारीको विकास भएको हो । बचत समूहको विस्तारसंगै औपचारिक नियम र प्रक्रिया मार्फत सञ्चालन गर्ने उद्देश्यले नै २०५५ कार्तिक १ गते महिला जागरण तथा वचत सहकारी सहकारी संस्थाको स्थापना भयो । बचत समूहको वृद्धिको क्रममा बिकास भएको  महिला जागरण तथा बचत सहकारीमा संख्या जम्मा ५३ पुगेको छ ।

महिला जागरण वचत तथा ऋण सहकारीले सहकारीमा अवाद्ध सम्पुर्ण महिलाहरुको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय एक कार्य समिति गठन भएको छ । जुन कार्य समितिले प्रत्येक १५ दिनमा नियमित बैठक गर्ने, बचतको नीति निर्माण गर्ने, बचत प्रक्रियालाई सञ्चालन गराउने, बचत रकमलाई आयआर्जनका कार्यहरुमा परिचालन गराउने, ऋण असुली गराउने जस्ता कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याउने गर्दछ । सहकारी संस्थामा आवद्ध भई बचत गर्नुपर्ने प्रत्येक सदस्यको व्यक्तिगत चाहाना, इच्छा र कारण भएतापनि अनुसन्धानका लागि छनोट भएका उत्तरदाताहरुलाई सहकारी प्रति आकर्षण गराउने तथा सहकारीको प्रक्रियाप्रति उत्प्रेरित गराउने महत्वपूर्ण तत्वहरुलाई तालिका नं ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**सहकारीमा महिलाहरुलाई सहभागिताको लागि प्रेरित गर्ने तत्वको आधारमा उत्तरदाताको वितरण**

| सहारकारी प्रति प्रेरित गर्ने तत्व | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमान्/परिवारको सदस्य | ८ | १५ |
| साथी | ११ | २१ |
| गैर-सरकारी संस्था | ३४ | ६४ |
| जम्मा | ५३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६८

तालिका नं ५ मा उल्लेख भएअनुसार समूहमा आवद्ध सम्पूर्ण संख्याको ६४ प्रतिशत सदस्यहरुलाई सहकारीप्रति उत्प्रेरित गराउने काम गैर-सरकारी सस्थाको रहेको पाइयो । जम्मा ५३ जना सदस्यहरुमा १५ प्रतिशत श्रीमान् वा परिवारका सदस्यहरुवाट, २१ प्रतिशत साथीहरुबाट उत्प्रेरित भएको पाइयो । अध्ययन क्षेत्रको आर्थिक, सामाजिक, शैक्षिक, भौतिक जस्ता क्षेत्रको विकासगर्नका विभिन्न गैर सरकारी संस्थाहरु कार्यरत छन् । गैह्र सरकारी संस्थाहरुले महिलाहरुलाई सहकारीमा बचत संकलन, बचत परिचालन र त्यसका फाइदासँग सम्बन्धित विभिन्न प्रशिक्षण तथा तालिमहरु उपलब्ध गराउँदै महिलाहरुलाई त्यसप्रति उत्प्ररित गराएको पाइन्छ । कमजोर आर्थिक अवस्था भएका महिलाहरुलाई आर्थिक रुपमा आत्मनिर्भर गराइ समाजका सम्पूर्ण क्रियाकलापमा उनीहरुको समान पहुँच र सहभागिता वृद्धि गरी समाजको विकासमा सहयोग गर्ने उद्देश्यले विभिन्न गैह्र सरकारी संस्थाहरुले महिला सहकारीको विकास र विस्तारमा प्रत्यक्ष रुपमा सहयोग गरेको स्पष्ट रुपमा देख्न सकिन्छ ।

## ५.२ सहकारीमा सहभागी महिलाको समय अवधि

सस्था तथा कार्यक्रममा सहभागी समयावधि र त्यसको प्रभावसंग प्रत्यक्ष सम्बन्ध हुने गर्दछ । सहभागि अवधि भन्नाले महिला जागरण तथा बचत सहकारी संस्थाको सुरुदेखि अहिलेसम्मको समय भन्ने बुझिन्छ । गैर-सरकारी संस्थाको बिशेष पहल तथा सहयोगमा २०५५ साल देखि सुरुवात भएको सहकारीको विस्तार अहिले सम्म अन्त भएको छैन । थोरै महिलाहरुको सक्रियतामा सुरुवात भएको सहकारीमा हाल ५३ जना महिला सहभागी भएका छन । सवै महिला एकै समयमा सहभागी नभएकोले सहकारीमा सहभागी समय फरक-फरक पर्न गएको हो ।

**तालिका नं. ७**

**सहकारीमा आवद्ध समय अवधिको आधारमा उत्तरदाताको वितरण :**

| **सहकारीमा आवद्ध समय** | **सहभागी संख्या** | **प्रतिशत** |
|---|---|---|
| ४ वर्ष | १२ | २३ |
| ५ वर्ष | ७ | १३ |
| ६ वर्ष | ९ | १७ |
| ७ वर्ष र त्यो भन्दा माथि | २५ | ४७ |
| जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

अध्ययन सहकारीको महिला माथीको प्रभाव विश्लेषण केन्द्रित भएकोले विशेष गरी २०५५ साल देखि २०६६ सालसम्मको समय अवधि भित्र आवद्ध महिला छनोट गरिएकोले सहकारीमा आबद्ध समय ४ बर्ष भन्दा कम नभएको हो । तालिका न ७ अनुसार सहकारीमा समयाबधि ४,५,६,७ बर्ष मा क्रमशः २३,१३,१७ र ४७ प्रतिशत सदस्य सहभागी भएको देखिन्छ । सहकारीको सुरुवातमा सहभागी महिलाहरुले सहकारीवाट ऋण लिई विभिन्न आयमुलक कार्यमा लगानी गरी त्यसवाट प्राप्त भएको प्रतिफलले उनिहरुको जिविकोपार्जनमा सहयोग पुगेकोले नै सहकारीमा अन्य महिला सदस्यको सहभागिता वृद्धी भएको हो ।

## ५.३. सहकारी र परिवर्तन

आर्थिक अवस्थाले समाजको समग्र विकासमा अत्यन्त महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । समाज संचालन तथा मानिसको जिविकोपार्जनको सर्न्दभमा प्रयोग हुने मुद्रा तथा वस्तुलाई सामान्यत अर्थ भन्ने गरिन्छ । अर्थ माथिको स्वामित्व, अर्थको परिचालन र त्यसवाट प्राप्त हुने प्रतिफलमाथिको पहुच जस्ता पक्षको समग्रतालाई आर्थिक अवस्था भनी परिभाषित गर्न सकिन्छ । प्रस्तुत अध्ययनको यस अध्यायमा सहकारीमा आवद्ध महिलाको आर्थिक अवस्था तथा सहकारीको प्रभाव स्वरुप महिलाको आर्थिक आवस्थाको विविध पक्षमा आएको परिवर्तनलाई समावेश गरिएको हुँदा त्यससँग सम्वन्धित सामाग्रिलाई प्रस्तुत गरिएको छ ।

### ५.३.१. आर्थिक अवस्था

सहकारीमा आवद्ध हुनु अघि उत्तरदाताको आर्थिक अवस्थामा समानता देखिदैन । जीविकोपाजर्नमा प्रत्यक्ष प्रभाव पार्ने त्यस्ता खास कुनै साधनहरुको बिकास भएको देखिदैन । उत्तरदाताहरुमा जीविककोपाजर्नको लागि परिवारका प्राय सवै सदस्य दैनिक ज्यालादारी गर्नुपर्ने वाध्यता थियो । दैनिक रुपमा पर्ने समस्या जस्तो नुन, तेल, लत्ता कपडा आदि जस्ताको समाधान गर्न यात साहु महाजन संग ऋण काड्नुपर्ने अवस्था थियो या परिवारका सदस्य विदेशिनु पर्ने कठिन अवस्था अध्ययन क्षेत्रमा विद्यमान थियो । अध्ययन क्षेत्रमा सहकारीको विकास र सहकारीमा महिला सहभागिता भन्दा पहिला महिलाको आर्थिक अवस्थालाई तालिका नं.८ मा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनमा उत्तरदाताको ज्यादै न्युन अवस्था भन्नाले आफनो जमिनवाट ३ महिनासम्म खानपुग्नेलाई, न्युन भन्नाले ६ महिनासम्म खान पुग्नेलाई, सामान्य भन्नाले १ वर्षसम्म पुग्नेलाई र उच्च भन्नाले आफनो परिवारलाई पूरै वर्ष खान पुगेर बाँकी बिक्री गर्नेलाई परिभाषित गरिएको छ ।

**तालिका नं. ८**

**सहकारीमा आवद्धपूर्व र पछिको उत्तरदाताको आर्थिक अवस्था**

| क्र. सं. | आर्थिक अवस्था (पहिलेको) | संख्या | प्रतिशत | आर्थिक अवस्था (हालको) | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ज्यादै न्यून | ३१ | ५९ | ज्यादै न्यून | २० | ३८ |
| २ | न्यून | १० | १९ | न्यून | ५ | ९ |
| ३ | सामान्य | ९ | १७ | सामान्य | २० | ३८ |
| ४ | उच्च | ३ | ५ | उच्च | ८ | १५ |
| **जम्मा** | | **५३** | **१००** | | **५३** | **१००** |

**स्रोत** : स्थलगत सर्वेक्षण, २०६८

तालिका नं. ८ मा उल्लेख भएअनुसार सहकारीमा आवद्ध हुनु भन्दा पूर्व उत्तरदाताको कुल संख्याको ५९% अर्थात ३१ जनाको आर्थिक अवस्था ज्यादै न्यून थियो । न्यून आर्थिक अवस्था भएका उत्तरदाताहरुको संख्या १९% अर्थात १० जना मात्र छन् सहकारीमा आवद्ध हुनु अघि उच्च आर्थिक अवस्था भएका उत्तरदाताहरु धेरै कम (३ जना अर्थात ५%) मात्र देखिन्छ ।

साथै सहकारीमा आवद्ध हुनु पूर्व अध्ययन क्षेत्रका महिलाको आफनो परिवारको सम्पति माथि खास कुनै पहुच रहेको थिएन । सम्पुर्ण सम्पतिमाथी पुरुषको नै स्वामित्व रहेको उत्तरदाताहरु बताउँदछन । सहकारीमा आवद्धहुनुपूर्व उत्तरदाताको आर्थिक अवस्था कमजोर हुनुमा मुख्यत कृषियोग्य भूमिको कमी, वैकल्पिक आयआर्जनको कमी, शिक्षाको कमी, रोजगारको कमी आदि जस्ता कारणहरु रहेका छन ।

### ५.३.२. पेशा

मानिसले आफ्नो जीवन सञ्चालन गर्नका लागि सम्पन्न गर्नुपर्ने क्रियाकलापको समग्रतालाई पेशा भन्ने गरिन्छ । हाल पनि नेपालको कुल जनसंख्याको ७० प्रतिशत भन्दा बढी जनता कृषि पेशामा निर्भर रहेका छन् । नेपालको मुख्य पेशा कृषि भएपनि केही जनता अन्य औपचारिक तथा अनौपचारिक पेशामा पनि समाबेश भएका छन । अध्ययनकोलागि उत्तरदाताको रुपमा छनौट गरिएका महिलाहरुको सहकारिमा आवद्ध हुन अधि र पछिको पेशागत अवस्थालाई तालिका न. ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**पेशागत अवस्था**

| पेशागत अवस्था पहिलेको | संख्या | प्रतिशत | पेशागत अवस्था पहिलेको | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि | ५३ | १०० | कृषि | ४३ | ८१ |
| रोजगार | - | - | रोजगार | ७ | १३ |
| व्यापार | - | - | व्यापार | २ | ४ |
| अन्य | - | - | अन्य | १ | २ |
| जम्मा | ५३ | १०० | जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका न. ९ मा उल्लेखित तथ्यांकअनुसार सहकारीमा सहभागी महिलाहरुको पेशागत अवस्थालाई विश्लेषण गर्दा अधिकांश महिलाहरु कृषिमा निर्भर रहेका छन् भने सहभागी मध्ये न्यून संख्या मात्र औपचारिक रोजगार तथा ब्यापारमा सहभागी भएका छन । समग्र अध्ययन क्षेत्रनै कृर्षीमा आधारित भएकाले उत्तरदाताको रुपमा छनौट भएका सहकारीमा

आवद्ध महिलाहरु कृषिमा आधारित हुनु कुनै अस्वभाविक हुदैन । सहकारीमा आवद्ध हुनु पुर्व सम्पुर्ण महिला कृषिमा आधारित रहेको भएपनि सहकारीमा आवद्ध भए पश्चात विभिन्न कार्यक्रममार्फत वृद्धी भएको जनचेतना र आर्थिक एवम् शैक्षिक सुधारको  परिणाम न्युन संख्या भएपनि औपचारिक रोजगार र ब्यापारमा सहभागि भएको देखिन्छ ।

### ५.३.३.आय

सहकारीवाट ऋण लिई कुनै कार्यमा लगानी गरी प्राप्त रकमवाट साहुको ऋणको किस्ता तिरी लागेको खर्च कटाई वचेको सम्पुर्ण रकमलाई आम्दानी भनिन्छ । सामान्यत लगानि गरेको क्षेत्र र रकम अनुसार आम्दानी हुने गर्दछ । महिला जागरण तथा वचत सहकारी संस्थामा आवद्ध महिलाहरुले सहकारीवाट लिएको ऋण रकम विभिन्न क्षेत्रमा लगानी गरको देखिन्छ । जव लगानीका क्षेत्रहरुमा विभिन्नता देख्न सकिन्छ तव स्वत आम्दानिका रुपहरु पनि फरक हुने गर्दछन । यस सहकारी संस्थामा आवद्ध भई सहरकारीवाट ऋण लिएका महिलाहरुको बार्षिक आम्दानीको अवस्थालाई तालिका नं. १० मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**सहकारीमा आवद्ध महिलाहरुको वार्षिक आम्दानीको आधारमा वितरण**

| वार्षिक आम्दानी | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| ५००० भन्दा थोरै | १२ | २३ |
| ५०००-२०००० | ६ | ११ |
| २००००-४०००० | ३१ | ५८ |
| ४०००० भन्दा धेरै | ४ | ८ |
| जम्मा | ५३ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका नं.१० अनुसार सहकारीवाट ऋण लिई विभिन्न कार्यमा लागानी गर्ने महिलाहरुको वार्षिक आम्दानीको अवस्थामा भिन्नता भेट्न सकिन्छ । सहकारीमा आवद्ध महिला मध्ये १२ जना अर्थात २३ प्रतिशत महिलाले वार्षिक ५००० भन्दा थोरै आम्दानी गर्दछन । उनिहरु मध्ये  धेरैले सहकारीवाट लिएको ऋण गैह्र उत्पादन मुलक क्षेत्र अर्थात घरयासी कार्यमा लगानी गरको कारण पनि आम्दानी गर्न नसकेको वा न्युन आम्दानी गरको देखिन्छ । आवद्ध महिला मध्ये ४ जना अर्थात ८ प्रतिशत महिलाले सम्पूर्ण खर्च कटाएर सहकारीको किस्ता समेत चुक्ता गरेर वार्षिक ४०००० हजार भन्दा बढी आम्दानी गर्न सफल भएको भेटिन्छ ।

यसवाट के भन्न सकिन्छ भने थोरै रकम संकलन गरी सृजना भएको आफ्नै श्रोतको उचित परिचालन हुन सकेमा आम्दानीको लागि अन्य कुनै ब्याक्ति तथा समुहको भर पर्नु पर्ने रहेनछ महिला आफै पनि आत्म निर्भर वन्न सक्छन ।

## ५.३.४.लगानी

सहकारीमा संकलित रकम मासिक रुपमा सहकारी भित्र स्थापना भएको ऋण समितिवाट सिफारिस भएर ऋण स्वीकृतिको लागि सहकारी कार्य समितिको वैठकमा पुग्दछ । कार्यसमितिले सहकारीमा प्रत्यक्ष सम्वन्धित सदस्यहरुलाई विना धितो र प्रत्यक्ष रुपमा सम्वन्धित नभएकाहरुलाई धितो र २ जना साक्षी राखी १२ प्रतिशत ब्याजमा ऋण उपलब्ध गराउदछ । सहकारीले सदस्यहरुलाई एक पटकमा न्युनतम ५०००/ देखी वढीमा १०००००/ सम्म ऋण उपलब्ध गराउद्छ । प्राप्त भएको ऋण सदस्यहरुको आवश्यकताको आधारमा वढीमा २० किस्तामा सहकारीलाई चुक्ता गरिसक्नुपर्ने नियम रहेको छ । हाल सहकारीमा संकलित रकम परिचालनका क्षेत्रहरुलाई तालिका नं. ११ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.११**

**लगानीको क्षेत्रको अवस्था**

| **क.सं.** | **रकम परिचालनका क्षेत्र** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | गाई पालन | २५ | ४९ |
| २ | बाखा पालन | ८ | १६ |
| ३ | ब्यापार / व्यवसाय | १० | १९ |
| ४ | अन्य/गृह सञ्चालन | ८ | १६ |
| **जम्मा** | | **५३** | **१००** |

श्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त तालिका अनुसार सवैभन्दा बढी २५ जना उत्तरदाताहरुले सहकारीवाट ऋण स्वरुप प्राप्त भएको रहम गाईपालनमा खर्चेको पाईयो । संकलित रकम बाखा पालनमा ८ र ब्यापारमा १० जनाले लगानी गरका छन । अधिकांस सदस्यहरु सहकारीवाट लिएको ऋण उत्पादनमुलक क्षेत्रमा लगानी गरेका पाईन्छ भने जम्मा ८ जना सदस्यहरुले मात्र अन्य अर्थात घर सञ्चालनको लागि ऋण लिएको पाईन्छ । तथ्याङ्कको आधारमा भने सहकारीवाट

लिएको ऋण सदस्यहरुले उत्पादन मुलक कार्यमा लगानी गरेको पाइएकोले भविष्यमा महिलाहरु आत्मनिर्भर वन्न सक्छन भन्न सकिन्छ ।

## ५.३.५ बचत

२०५२ सालमा मासिक रु ५ वचत गर्ने गरी सुरुवात भएको वचत समूह २०५५ सालमा मासिक १०० जम्मा गर्ने गरी वचत समुह सहकारीमा परिणत हुन पुग्यो । हाल महिला जागरण तथा बचत सहकारी संस्थामा मासिक न्युनतम १००० देखी सहकारीका सदस्यको क्षमता अनुसार वचत गर्ने परम्पराको शुरुवात भएको छ । हाल सहकारीमा महिलाहरुले सहकारीमा गर्ने वचत संकलनका श्रोतहरु तालिका नं. १२ मा देखाउन सकिन्छ ।

**तालिका नं.१२**

**वचतको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | बचतका स्रोतहरु | *सदस्य संख्या* | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नै कमाई | ४२ | ८० |
| २ | श्रीमान तथा परिवार | ८ | १५ |
| ३ | अन्य स्रोत | ३ | ५ |
| **जम्मा** | | **५३** | **१००** |

**स्रोत** : स्थलगत सर्वेक्षण २०६८

तालिका नं. १२ मा उल्लेख भएअनुसार सहकारीमा मासिक वचत गर्ने रकम अरु कसैको भरमा नपरी आफैले गरेको लगानीको आम्दानीबाट गर्ने महिलाहरुको संख्या ४२ अर्थात ८० प्रतिशत देखिन्छन भने  भने ८ जना अर्थात १५ प्रतिशत महिलाले श्रीमान तथा परिवारको भरमा मासिक वचत गरेको पाईयो । त्यस्तै अत्यन्त न्युन संख्या अर्थात ३ जना महिलाले ऋण, सापटी र सहयोगको आधारमा बचत गरेको देखिन्छ । आफनै कमाईवाट मासिक वचत गर्ने महिलाको संख्या अधिक भएपनि सामाजिक संरचना, पर्याप्त चेतनाको अभाव, समाजमा विद्यमान गरिवी जस्ता कारणहरुले गर्दा पनि हालसम्म श्रीमान तथा परिवारको निर्भर हुने महिलाहरुको संख्या अझै समाजमा भेट्न सकिन्छ ।

## ५.३.६. स्वामित्व

व्यक्ति, समूह तथा सस्थाको स्वामित्वमा रहेका सबै चल र अचल श्रोत र साधनलाई सम्पति भनिन्छ । श्रोत र साधन तथा तिनीहरुको परिचालनबाट प्राप्त फाइदा र आर्जित श्रोतमाथि रहेको हक तथा अधिकारले नियन्त्रण अर्थात स्वामित्वलाई जनाउँछ । नेपाली समाजमा सम्पतिमाथि महिला नियन्त्रणको अवस्था असमानतामूलक रहेको छ । नेपालको जनगणना २०५८ अनुसार सम्पूर्ण घर-परिवार मध्ये जम्मा ५.५ प्रतिशत घरपरिवारको घर, १०.८ प्रतिशत घरपरिवारको केही जग्गा, ७.२ प्रतिशत घरपरिवारको घरपालुवा जनावर, ०.८ प्रतिशत घर-परिवारको घर, जग्गा तथा घरपालुवा जनवार महिलाको स्वमित्व वा नियन्त्रण रहेको छ भने ८२.९ प्रतिशत घरपरिवारमा महिलाको सम्पतिमाथि कुनै

नियन्त्रण रहेको देखिदैन ( के.त.बि. २०५८ ) । प्रस्तुत अध्ययन क्षेत्रमा सहकारीको सुरुवात र बिकास भन्दा पहिले पारिवारीक तथा ब्यात्तिगत सम्पतिमाथी महिलाको नियन्त्रण अत्यन्त न्यून अर्थात शून्य रहेको थियो । सहकारीमा सहभागी भएपश्चात् सहभागी सदस्यहरुको व्यक्तिगत एवं पारिवारिक सम्पति तथा ऋण परिचालन मार्फत कमाएको श्रोत माथी रहेको स्वामित्वको अवस्थालाई तालिका नं. १३ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३**

**सम्पत्ति माथिको स्वामित्वको आधारमा उत्तरदाताको वितरण**

| स्वामित्वको अवस्था | **सम्पतीको प्रकृती** | | | |
|---|---|---|---|---|
| | व्यक्तिगत सम्पति (चल) | प्रतिशत | पारिवारिक सम्पति (अचल) | प्रतिशत |
| स्वामित्व नभएको | ५ | ९ | ३३ | ६२ |
| मिश्रित स्वामित्व | १२ | २३ | ११ | २१ |
| पूर्ण स्वामित्व | ३६ | ६८ | ९ | १७ |
| जम्मा | ५३ | १०० | ५३ | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

तालिका नं. १३ अुनसार समाजमा अध्ययन क्षेत्रमा व्यक्तिगत तथा पारिवारिक सम्पतिमाथि महिलाको स्वामित्वमा विबिधता देखिएको छ । यहाँनेर व्यक्तिगत सम्पति भन्नाले महिलाले सहकारीवाट ऋण लिई ऋण परिचालन गरी आर्जन गरेको सम्पति तथा पेवा धनलाई वुझिन्छ भने पारिवारिक सम्पति भन्नाले परिवारको वंशजवाट हस्तान्तरण भएको

सम्पतिलाई वुभिन्छ । समाजमा रहेको पितृसत्तात्मक सोच, छोरा र छोरीवीचको असमानता जस्ता कारणले गर्दा नै सहकारीमा आवद्ध ६२ प्रतिशत महिलाको पारिवारिक सम्पतिमाथि स्वामित्व नभएको देखिन्छ । समाजमा भएको राजनैतिक तथा शैक्षिक परिवर्तन, छोरा छोरीवीच रहेको विभेदमा कमी, महिलाको नाममा जग्गा दर्ता गर्दा रकम छुट हुने सरकारी नियम जस्ता कारणहरुले सहभागी महिला मध्ये जम्मा २१ प्रतिशत सदस्यको पारिवारिक सम्पतिमा मिश्रित स्वामित्व वा नियन्त्रण र १७ प्रतिशत महिलाको पारिवारिक सम्पतिमाथि पूर्ण स्वामित्व कायम रहन गएको पाइयो ।

सहकारीमा आवद्ध भई ऋण परिचालन मार्फत जम्मा भएको सम्पति तथा श्रोत माथि पनि सम्पूर्ण सदस्यहरुको पूर्ण स्वामित्व वा नियन्त्रण रहेको देखिंदैन । समाजमा बृद्धि भएको सम्पति सम्बन्धी चेतनाको वृद्धि, महिलाद्वारा आर्जन गरिएको श्रोतप्रति पुरुषको सकारात्मक सोच जस्ता कारणले गदौ नै सहकारीमा आवद्ध धैरै अर्थात ६८ प्रतिशत महिला सदस्यहरुको उनीहरुको व्यक्तिगत सम्पतिमाथि पूर्ण स्वामित्व वा नियन्त्रण कायम रहन गएको देखिन्छ । समाजमा ब्यप्त अशिक्षा, महिलामा चेतनाको अभाव, कट्टर पितृसतात्मक सोच जस्ता कारणले गर्दा ब्याक्तिगत सम्पतिमाथि पनि नियन्त्रण तथा स्वामित्व हुन नसकेको देखिन्छ । व्यक्तिगत तथा पारिवारिक सम्पतिमा न्यून पहुँच वा पहुँचविहीनताको अवस्थाले समाजमा व्यक्तिको अवस्था कमजोर हुने गर्दछ । नेपाली समाजमा पनि व्यक्तिगत तथा पारिवारिक सम्पतिमा महिलाको स्वामित्व नभएकोले पनि महिलाको समाजमा अवस्था कमजोर बन्नमा सहयोग पुगेको हो ।

## ५.४. शैक्षिक अवस्था

शिक्षा मानिसहरुको चेतना जागरण गर्ने एक महत्वपुर्ण माध्याम हो । सामान्यतः शिक्षा औपचारिक र अनौपचारिक दुई माध्यममार्फत आर्जन गर्न सकिन्छ । शिक्षाको आधारमा व्यक्ति तथा समाजलाई निरक्षर र साक्षर गरी २ भागमा विभाजन गर्ने प्रचलन रहेको छ । नेपालको राष्ट्रिय जनगणना २०५८ अनुसार नेपालको साक्षरता प्रतिशत ५४.१ रहेकोमा महिला ४२.८ प्रतिशत र पुरुष ६५.५ प्रतिशत रहेको छ । राष्ट्रिय रुपमा पुरुषको तुलनामा महिलाको शाक्षरता प्रतिशत न्यून रहे जसरी मकवानपुर जिल्लामा पनि महिला ५३.९ प्रतिशत र पुरुष ७२ .६ प्रतिशत को साक्षरताको अवस्था पनि असमान नै रहेको छ (के.त.वि. २०५८) । राष्ट्रिय तथा जिल्लाको अवस्था जसरी नै अध्ययन क्षेत्रमा पनि महिला पुरुष साक्षरताको अवस्था असमान नै रहेको छ ।

अध्ययन क्षेत्रमा सहकारीमा सहभागी हुनुभन्दा पहिलेको महिलाको शैक्षिक अवस्था खासै सन्तोषजनक नभए पनि समाजमा सहकारीको विकास भए पश्चात शिक्षामा क्रमशः परिर्वतन हुँदै गएको छ । सामान्यतः निरक्षर भन्नाले लेख्न, पढ्न नसक्ने अवस्थालाई भन्ने गरिन्छ भने लेख्न पढ्न सक्ने अवस्थालाई साक्षर भन्ने गरिन्छ । अध्ययन क्षेत्रमा सहकारीमा आवद्ध महिलाको सहकारीमा आवद्ध हुनु भन्दा पहिला र सहकारीमा आवद्ध भए पश्चात अर्थात वर्तमानको शिक्षाको अवस्थालाई तुलनात्मक अध्ययन गर्ने उद्देश्यले तालिका नं. १४ मा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. १४**

**शैक्षिक अवस्थाको आधारमा उत्तरदाताको वितरण**

| क.सं. | शैक्षिक अवस्था | सहकारीमा आवद्ध पुर्वको अवस्था | | वर्तमानको अवस्था | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | उच्च शिक्षा | १ | २ | ३ | ६ |
| २ | एस.एल.सी. | ५ | ९ | ७ | १३ |
| ३ | नि.मा.वि. | ४ | ८ | ८ | १५ |
| ४ | प्रा.वि. | ८ | १५ | १३ | २५ |
| ५ | साक्षर | १४ | २६ | २० | ३७ |
| ६ | निरक्षर | २१ | ४० | २ | ४ |
| **जम्मा** | | **५३** | **१००** | **५३** | **१००** |

**स्रोत** : स्थलगत सर्वेक्षण, २०६८

तालिका नं. १४ लाई तुलनात्मक अध्ययन गर्ने हो भने अध्ययन क्षेत्रमा सहकारीको स्थापना पश्चात महिलाको शिक्षाको क्षेत्रमा प्रयाप्त विकास भएको छ भन्न सकिन्छ । सहकारीमा आवद्ध हुनुभन्दा पहिला अध्ययन क्षेत्रका ५३ जना मध्ये २१ जना महिला पुर्ण निरक्षर र १४ जना महिला सामान्य साक्षर थिए । जव समाजमा सहकारी स्थापना भयो यसले शिक्षामा उच्च स्तरको परिवर्तन आयो । हाल अध्ययन क्षेत्रमा सहकारीमा आवद्ध महिला मध्ये जम्मा २ जना मात्र निरक्षर भेटियो । सहकारीको शुरुवात पश्चात महिला जागरण तथा वचत सहकारी संस्थाको पहल तथा विभिन्न गैह्रसरकारी संस्थाको सक्रियतामा अध्ययन क्षेत्रमा सुरुवात भएको अनौपचारीक शिक्षाको प्रभाव, सरकारको समय समयमा सञ्चालन गरेको निरक्षर उन्मुलन कार्यक्रम तथा समाजमा वृद्धि भएको शिक्षाको महत्व जस्ता कारणहरुले गर्दा अध्ययन क्षेत्रमा सहकारीको स्थापना पश्चात शिक्षाको क्षेत्रमा उल्लेख्य परिवर्तन भएको देख्न सकिन्छ ।

### ५.४.१ महिला सशक्तीकरण

सशक्तीकरण शब्दले विद्यमान अवस्था भन्दा माथि उठेको अवस्थालाई वुझाउद्छ । अझ भन्नु पर्दा मानिसको विचार तथा व्यवाहरमा चेतना तथा विवेकको उचित प्रयोग भएको अवस्थालाई वास्तवमा सशक्तीकरण भन्ने गरिन्छ । २१ औं शताब्दीको शिक्षा, सूचना तथा प्रविधिको युग हो । जुन समाज, संस्था तथा व्यक्तिको माथिका तीन तत्वमा आवश्यकता अनुसारको पहुँच पुग्दछ ऊ स्वत सशक्त वन्ने गर्दछ । व्यक्ति, समाज तथा संस्था सशक्त वन्ने प्रक्रिया नै सशक्तीकरण हो । समाजमा सवै मानिसहरु समान हैसियतका हुदैनन् । कोही सशक्त हुन्छन भने कोही अशक्त हुने गर्दछन । समाजमा भएका अशक्त व्यक्ति तथा संस्थाहरुलाई उनीहरुको क्षमता वृद्धि गर्दै विकास तथा समाजको मूलधारमा समावेश गर्ने प्रयत्न गर्नु नै उनीहरुलाई सशक्तीकरण गर्नु हो । अध्ययन क्षेत्रमा सहकारीको सुरुवात पश्चात महिला जागरण तथा बचत सहाकारी संस्थाको सक्रियतामा सहकारी संस्था, डिभिजन सहकारी कार्यालयल, ग्रामीण महिला विकास केन्द्र, जिल्ला विकास समिति, तथा विभिन्न गैहृ सरकारी संस्थाको पहलमा सञ्चालन भएका विभिन्न गोष्ठी, तालिम, अन्तरक्रिया आदिजस्ता कार्यक्रमको माध्यमबाट महिलामा सचेतना वृद्धि भएको देखिन्छ ।
साथै विभिन्न संघ संस्थाहरुवाट सञ्चालन भएका कार्यक्रमहरुवाट अध्ययन क्षेत्रका महिलामा महिला विभेदमा न्यूनता, एड्स विरुद्धको जनचेतना, महिला वेचविखन विरुद्धको चेतना, आयमूलक कार्यक्रममा प्रोत्साहन जस्ता सचेतनामूलक अवस्था सजिलै देख्न सकिन्छ । सहकारीमा लागेपछि समाजमा महिलाको समग्र अवस्थामा परिवर्तन आएको सर्न्दभमा उत्तरदाताको आफ्नै भनाइमा : "सहकारीमा बसेपछि हाम्रो इज्जत नै बढेको छ, पहिले हामीले बोलेको कसैले सुन्ने थिएनन अहिले हाम्रा कुरा सवैले सुन्न थालेका छन् ।" सहकारीमा आवद्ध भएपछि उनीहरुलाई समाजले फरक दृष्टिकोणले हेर्ने गरेको अवस्थालाई स्वयं महिलाहरुले पनि स्वीकार गरेको देखिन्छ । यसवाट पनि के प्रष्ट हुन्छ भने महिला सशक्तीकरणको सवालमा सहकारीले गहन भूमिका खेलेको छ ।

### ५.४.२ स्वास्थ्य : उपचार पद्धति

मानिस स्वस्थ हुनु भनेको समग्र समाज स्वस्थ हुनु हो । मुलुकका सवै नागरिकले स्वास्थ्य सुविधावाट वञ्चित हुन नपरोस भन्ने मान्यताका नेपाल सरकारले सबैका लागि स्वास्थ्य भन्ने नीति  वनाएको छ । तथापि समाजमा अशिक्षा, स्वास्थ्यप्रती जनचेतनाको अभाव तथा विपन्नताको कारणले सबै स्थानमा यस किसिमको सूचनाको पहुँच पुग्न भने सकेको

देखिदैन । अध्ययन क्षेत्रमा सहकारीको स्थापना र विकास भन्दा पहिले आर्थिक अभाव, चेतनाको कमी र स्वास्थ्य संस्थाको दुरी लामो जस्ता कारणले गर्दा स्थानीय वासिन्दा अर्थात अझ भन्दा महिला उचित स्वास्थ्य उपचारबाट बञ्चित रहेका थिए । समाजमा परम्परागत उपचारको पद्धति धामी झाँक्रीमा विश्वास राख्ने हुनाले रोग फैलने गर्दथ्यो र अन्त्यमा अकाल मृत्युको मुखमा पर्ने बाध्यता रही आएको थियो । आफ्नो स्वास्थ्य स्थिति कमजोर भएपछि अन्य घर-घरायसी काम गर्नपनि कठिनाई हुन जान्थ्यो । समाजमा सहकारीको विकास भन्दा पहिले र हाल महिलाले अवलम्वन गर्ने उपचार पद्धतीको तुलनात्मक अवस्थालाई तालिका नं.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१५**

**उपचार पद्धतीको आधारमा उत्तरदाताको वितरण**

| क.सं. | उपचार पद्धति | सहकारीमा आवद्ध पहिले | | वर्तमानको अवस्था | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | आधुनिक उपचार पद्धति | ९ | १७ | २७ | ५१ |
| २ | धामीझाँक्री (परम्परागत) | ३२ | ६० | १७ | ३२ |
| ३ | जडिबुटी सेवन (आयुर्वेद) | १२ | २३ | ९ | १७ |
| | **जम्मा** | **५३** | **१००** | **५३** | **१००** |

**स्रोत** : स्थलगत अध्ययन सर्वेक्षण, २०६८

तालिका नं. १५ ले अध्ययन क्षेत्रका महिलाको सहकारीमा आवद्ध हुनु पूर्व र हाल सहकारीमा आवद्ध भईसकेपछि उत्तरदाताहरुको स्वास्थ्य उपचार पद्धतिलाई प्रस्तुत छ । सहकारीमा आवद्ध हुनुपूर्व उत्तरदाताहरुले परम्परागत उपचार विधिको बढी प्रयोग गरेको पाइयो भने सहकारीको स्थापना र विकास पछि उक्त संख्या आधुनिक पद्धती तर्फ केन्द्रित भएको छ । स्वास्य प्रतिको जनचेतनाको विकास, विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुले सञ्चालन गरेका स्थास्थ्यसँग सम्वन्धित कार्यक्रमको प्रभाव स्वरुप नै समाजमा परम्परागत उपचार पद्धतिको स्थान आधुनिक उपचार पद्धतिले लिन सफल भएको छ ।

गाउँमा सहकारीको स्थापना भए पश्चात महिलाहरु सहकारीमा आवद्ध भए । सहकारीको परिणाम स्वरुप महिलाहरु एकै ठाउँमा भेला भएर आर्थिक लगायतका धेरै विषयमा औपचारिक तथा अनौपचारिक कुराकानी गर्न थाले । महिलाहरुको चेतनामा परिवर्तन

आयो । धामीझाँक्रीका भरमा पर्नु गलत रहेछ भन्ने बुझ्न थाले । शरीर स्वस्थ भएमा मात्र अन्य सबै काममा सघांउ पुग्छ अन्यथा बाँच्न गाह्रो हुने कुरा महिलाहरु आफूले बुझेर अरुलाई पनि बुझाउन थालेको देखिन्छ । स्वास्थ्य संस्थाको दुरी टाढै भएपनि त्यसको सेवा लिन मानिसहरुलाई तत्पर हुन थालेको कुरा समेत अध्ययन क्षेत्रमा देख्न सकिन्छ । वर्तमानमा अध्ययन क्षेत्रका महिलाहरु आफ्ना बालबच्चालाई सरकारबाट उपलब्ध हुने खोप अनिवार्य रुपमा दिन थालेका छन् । भने अध्ययन क्षेत्रका महिलाहरुको स्वास्थ्य स्थितिको सुधारमा महिला सहकारीको महत्वपुर्ण भूमिका रहेको छ ।

## ५.५. निर्णय प्रक्रियामा महिला सहभागिता

### ५.५.१.घरयासी निर्णय प्रक्रिया र सहभागिता

घर-परिवारले निश्चित स्थानमा बसोबास गरी साझा स्रोत र साधनको प्रयोग गर्ने मानिसहरुको सामाजिक समूहलाई बुझाउँछ । घर परिवार सञ्चालन, विकास, परिर्वतन तथा विस्तारका लागि निर्माण हुने आर्थिक, राजनैतिक, सांस्कृतिक कार्य तथा नीतिको निर्धारण गर्नु पद्धतिलाई घरायसी निर्णय प्रक्रिया भनिन्छ । घरायसी निर्णयमा महिला सहभागिताले घरायसी नीति निर्माण र निर्धारणमा उनीहरुको सक्रिय उपस्थितिलाई जनाउँछ । नेपालको राष्ट्रिय जनगणना २०५८ अनुसार जम्मा १४.९ प्रतिशत घरपरिवार महिलाको नेतृत्वमा सञ्चालन भएका छन जसका आधारमा नेपालको घरायसी निर्णय प्रक्रियामा महिलाको कम उपस्थिति रहेको छ भन्न सकिन्छ ( के.त.वि. २००३ ) । अध्ययन क्षेत्रमा सहकारीमा आवद्ध हुनु भन्दा पहिले घरायसी निर्णय प्रक्रियामा महिलाको खासै सहभागिताको अवस्था रहेको नभएपनि सहकारीमा सहभागी भए पश्चात् उनीहरुको घरायसी निर्णय प्रक्रियामा रहेको सहभागिताको अवस्थतलाई तालिका नं. १६ मा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका न. १६**

**घरायसी निर्णय प्रक्रियामा सहभागिताको आधारमा उत्तरदाताको वितरण**

| सहभागिताको अवस्था | सदस्य संख्या | प्रतिशत |
|---|---|---|
| असहभागी | १५ | २८ |
| मिश्रित | २० | ३८ |
| पूर्ण सहभागी | १८ | ३४ |
| जम्मा | ५३ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६८

तालिका नं. १६ मा उल्लेख भएको तथ्याङ्कअनुसार सहकारीमा सहभागी भएपश्चात अध्ययन क्षेत्रका महिलाहरुको घरयासी निर्णय प्रक्रियामा सहभागिता वृद्धि हुदै गएको देखिन्छ । समग्र समाज पितृसतात्मक सोच र शैलीवाट सञ्चालित भएको छ । प्रितृसतात्मक सोच र शैलीको परिणाम नै समाजमा महिलाहरु सवैखाले निर्णय प्रक्रियामा कमजोर हुने गर्दछन । समाजमा कहिकतै स्वयं महिलाहरुको विषयमा निर्णय गर्नु पर्दा समेत महिलाहरु नभई पुरुषहरुको निर्णय नै अन्तिम निर्णय मान्ने प्रचलन पनि नभएको होईन । अध्ययन क्षेत्रमा सहकारिको विकास पश्चात समाजका घरायासी निर्णय प्रक्रियामा क्रमशः सहभागिता हुादै गएको देखिन्छ ।

## ५.५.२ खरीद बिक्री

जसले काम गर्छ, उसको निर्णय हुनुपर्छ । काम गर्ने, दुःख गर्ने, संरक्षण गर्ने एउटा तर त्यसको विपरित निर्णय गर्ने अर्कै हुन्छ भने दुःख गर्नेको मन दुख्छ र मेहेनत कम गर्छ यसो हुादा संरक्षण गर्न समेत मन नलाग्नु स्वभाविक नै हो । यसको अर्थ के हो भने नेपाली समाजमा धेरै काम गर्ने र बढी दुःख गर्ने महिलाहरु निर्णय प्रक्रियामा कमजोर रहेका छन । घरमा बसेर घरको रेखदेख र जग्गाजमिनमा कामकाज गर्दै घरपरिवार संचालन गर्ने मुख्य भूमिका हुंदा हुदै पनि त्यही घर, जग्गा लगाएतका घर परिवार सञ्चालनको लागि आवश्यक सामाग्रीको खरीद बिक्रीमा महिलाहरुको निर्णय न्युन अर्थात नगन्य नै हुन्छ । यस संस्थामा आवद्ध महिलाहरुमा भने केही सुधार भएको देखिएको छ । अध्ययन क्षेत्रमा सहकारीमा आवद्ध भएपछि महिलाको आर्थिक क्षेत्रमा अधिकार बढेको र निर्णय क्षमतामा समेत वृद्धि भएको सर्न्दभमा परिवारमा घरजग्गा लगाएत घरपरिवार सञ्चालनका सामाग्री खरिद विक्रीमा हुने निर्णयको अवस्थालाई तालिका नं. १७ मा देखाइएको छ ।

**तालिका नं. १७**

**खरिद बिक्रीको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | निर्णय गर्ने ब्यक्ति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | श्रीमान | २६ | ४९ |
| २ | मिश्रित | ९ | १७ |
| ३ | महिला | १८ | ३४ |
| **जम्मा** | | **५३** | **१००** |

श्रोत : स्थलगत सर्वेक्षण, २०६८

तलिका नं. १७ अनुसार अध्ययन क्षेत्रमा घरजग्गा लगाएतका घरपरिवार सञ्चालनकोलागि आवश्यक खरीद बिक्री गर्नेमा श्रीमान वा लोग्ने भन्नेहरुमा २६ जना अर्थात ४९ प्रतिशत र आफै गर्नेमा १८ जना अर्थात ३४ प्रतिशत रहेको देखिन्छ । सहकारीको स्थापना र विकास पहिले अध्ययन क्षेत्रका महिलाहरुको घरजग्गा लगाएत घरपरिवार सञ्चालनकोलागि आवश्यक सामाग्री खरिद विक्रिमा महिलाको खासै भुमिका नरहेको कुरा स्वंम महिलाहरु वताउद्छन । भने सहकारीको विकास पश्चात सम्पुर्ण क्षेत्रमा महिलाको सहभागिता वृद्धी हुनुमा समाजमा एकल परिवारको ढाँचामा वृद्धि हुनु पनि हो ।

## ५.५.३ सामुदायिक/सार्वजनिक भूमिका र सहभागिता

महिला सशक्तीकरणका लागि सरकारले नै कानुनमा विशेष व्यवस्था गरेको भएतापनि व्यवहारमा पुर्ण रुपमा कार्यन्वयन हुन लामो समय लागेको छ । समाजका सम्पुर्ण क्षेत्रमा कम्तिमा २० प्रतिशत महिलाको उपस्थिती अनिवार्य गरेपश्चात समाज विकासकोलागि गठन हुने सवै अपचारिक तथा अनौपचारिक संघ संस्थाहरुमा महिलाको सहभागिता वृद्धि भएको छ । समाजका सवै क्षेत्रमा महिला सहभागितामा वृद्धि गर्दै लैजान शिक्षा र चेतनाको ठुलो भूमिका रहेको छ । अध्ययन क्षेत्रमा सहकारीमा आवद्ध भएपश्चात महिलाको सहकारीको साथसाथै समाजका अन्य सामाजिक संघ संस्थाहरुमा पनि आवद्धता वृद्धी हुदै आएको छ । सहकारीमा आवद्ध सदस्यहरु सामाजिक संघसंस्थाहरुमा रहेको सहभागिताको अवस्थालाई तालिका नं. १८ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१८**

**सामाजिक संस्थाहरुमा आवद्धताको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | समितिहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वन उपभोक्ता समूह | १५ | २८ |
| २ | विद्यालय व्यवस्थापन समिति | ११ | २१ |
| ३ | खानेपानी उपभोक्ता समिति | ८ | १५ |
| ४ | अन्य | १२ | २३ |
| ५ | आवद्धता छैन | ७ | १३ |
| **जम्मा** | | **५३** | **१००** |

**स्रोत** : स्थलगत अध्ययन सर्वेक्षण,२०६८

तालिका नं. १८ मा उल्लेख भएको तथ्याङ्कमा समाजका विभिन्न संघ संस्थामा आवद्ध नभएका सदस्यहरुको संख्या अत्यन्त न्यून देखिन्छ । सहकारीमा आवद्ध कुल सदस्यको ८७ प्रतिशत महिलाहरु समाजका कुनै न कुनै संघ संस्थामा आवद्ध भएका छन भने जम्मा १३ प्रतिशत महिला मात्र समाजका कुनै पनि संघ संस्थामा आवद्ध देखिदैनन । सहकारीमा हुने निर्णय प्रक्रिया, समाजमा वृद्धि भएको चेतनाको विकास, सरकारी नीति जस्ता कारणहरुले गर्दा नै समाजका संघ संस्थाहरुमा महिलाको सहभागिता वृद्धी हुदै गएको हो ।

## ५.५.४ राजनैतिक क्रियाकलाप

मकवानपुर गढी गा.वि.स. का महिलाहरुको राजनितिक क्षेत्रमा सहभागिता सन्तोशजनक भने देखिदैन । गरिवीका कारणले उनीहरु घरबाट निस्केर राजनीतिक सभा , सम्मेलन , मेला आदीमा भाग लिन जान भ्याउदैनन् । बिहान उठे देखि बेलुका सुत्ने बेला सम्म कुनै न कुनै घर घरायसी काममा व्यस्त रहनु पर्दछ । कसैको समय भएतापनि चेतनाको अभावका कारणले त्यस्ता स्थानमा जान चाहदैनन् । त्यसैगरी शिक्षाको अभावले गर्दा समेत राजनीतिक क्षेत्रमा ध्यान दिदैनन् । लोकतन्त्र स्थापना हुनु पूर्व आरक्षणको रुपमा रहेको वडा सदस्य पदमा उम्मेदवारी दिने महिला समेत खोजेर हिड्नु पर्ने स्थिति थियो । तर आज यहााका महिलाहरु राजनीतिक सभा, सम्मेलन आदीमा भाग लिन जाने गर्दछन् । टोल, वडा आदीमा भएका राजनितिक संगठनमा समेत आवद्ध देखिन्छ । सहकारीमा आवद्ध हुनु भन्दा पहिले कुनै पनि राजनैतिक क्षेत्रमा महिला सहभागिता देखिदैन तर सहकारीमा आवद्ध भएपछि राजनैतिक पार्टीका विभिन्न संगठनमा संलग्न हुने प्रचलनको विकास भएको देखिन्छ । हालमा सहकारीमा आवद्ध महिलाहरुको राजनैतिक संलग्नता र तिनीहरुको तहलाई तालिका नं. १९ मा देखाइएको छ ।

**तालिका नं.१९**

**राजनीतिमा संलग्नताको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं. | आवद्ध भएको स्थान/तह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | टोलमा | २३ | ४३ |
| २ | वडामा | १० | १९ |
| ३ | गा.वि.स. भन्दामाथि | ६ | ११ |
| ४ | आवद्धता छैन | १४ | २७ |
| | **जम्मा** | **५३** | **१००** |

**स्रोत** : स्थलगत सर्वेक्षणक,२०६८

तालिका नं. १८ मा ५३ जना महिला मध्ये १४ जना महिला कुनै पनि संगठनमा नरहेको सबै भन्दा धेरै ७७ प्रतिशत महिला राजनितिक संगठनका कुनै न कुनै भातृ संगठनमा आवद्ध रहेको पाइयो । त्यस्तै गा.वि.स. वा सो भन्दा माथिल्लो तहमा रहेर काम गर्नेहरुको संख्या ६ प्रतिशत मात्र भएको भेटीयो । यस तथ्यांकबाट यहाँका महिलाहरु राजनितिमा धेरै ठुलो तहमा पुगेको नभएता पनि भर्खरै मात्र चासो दिएको र संगठित हुदै गरेको भेटिएको छ ।

# अध्याय छ
# सारांश र निस्कर्ष

## ६.१ सारांश

मानवका आवश्यकतासंग संगै सधै आर्थिक श्रोत उपलब्ध हुन नसक्ने वातावरणको सृजना भए पश्चात नै समाजमा उसले बचत संस्कृतिको शुरुवात गरेको हो । समाजमा बचत संस्कृतिको शुरुवात र विकास व्यक्तिसँग भएको बचतको आधारमा समाजमा उसको हैसियत, शक्ति र स्तर निर्धारण हुने परिपाटी संगसंगै पनि जोडिएको देखिन्छ । बचत प्रक्रियालाई सरल बनाउन तथा थोरै बचत गर्दा धेरै फाईदा प्राप्त गर्नका लागि व्यक्तिगत नभै सामूहिक प्रयासको आवश्यकता पर्दछ । सामुहिकताको लागि मानवीय समूहको निर्माण हुनुपर्दछ । दुई वा दुई भन्दा बढी व्यक्तिहरुको त्यो झुण्ड वा जमातलाई समूह भनिन्छ जसका सदस्यहरु एक आपसमा अन्तरसम्वन्धित हुने गर्दछन् । सम्बन्धित समूहका सदस्यहरुले संलग्न समूहको नीतिनियम अनुसार भविष्यमा आयमूलक, सामाजिक तथा समाज विकास क्रियाकलापमा खर्च गर्न संचिति गरिने रकमलाई सामुहिक बचत भनिन्छ ।

समूह वचतको विकसित तथा वृहत् रुप नै सहकारी हो । समूह गठन गरी एकताबद्ध हुने, समूहका क्रियाकलापमा सहभागी बन्ने, आफ्नो तर्फबाट सक्दो त्याग गर्नुका साथै समूहका माध्यमबाट व्यवस्था गरिएका सेवाहरुको उपयोग गरी सबैजना लाभान्वित हुने प्रक्रिया नै व्यावहारिक अर्थमा सहकारिता हो । समूहमा आबद्ध भई सहयोगको आदान प्रदान गर्ने प्रक्रिया मानव सभ्यताको शुरुवातदेखि भएपनि संस्थागत र विधिवत् रुपमा सहकारिता सन् १८४४ मा वेलायतको मेन्चेस्टर शहर नजिक रहेको रकडेल भन्ने ठाउँवाट भएको हो । एकजना महिला सहित २८ जना युवाहरुले सुरुवात गरेको यस समूहले मासिक एक–एक पाउण्ड बचत गर्ने परम्पराको थालनी गरेको थियो । यसै समूहले विश्वमा क्रमश: लोकप्रियता हासिल गर्न थाल्यो भने वर्तमानमा देखा परेको सहकारीको जननी समेत बन्न पुग्यो भने चितवन जिल्लामा वि.सं. २०१३ सालमा स्थापना भएको बखान सहकारी संस्था नै नेपालको पहिलो सहकारी संस्था हो । वर्तमानमा सहकारीता बिकासको एक मेरुदण्ड सावित भईसकेको छ ।

प्रस्तुत अध्ययन अध्ययन विशेषगरी महिलाहरुको सहकारीप्रति आकर्षणको कारण, सहकारीले महिलाको आर्थिक तथा शैक्षिक पक्षमा आएको सुधार, सहकारीमा सहभागी भए पश्चात्

महिलाको घरायसी सार्वजनिक क्षेत्रमा सहभागिताको अवस्था पत्ता लगाउने उद्धेश्यले सम्पन्न गरिएको हो । अध्ययनको लागि मकवानपुर जिल्लाको गढी गा वि स का वडा नं. ५, ६, ७, ८ र ९ लाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको हो । अध्ययन क्षेत्रमा रहेको महिला जागरण तथा बचत सहकारीसस्थासंग आवद्ध ५३ जना ५३ जना सूचनादाता र विभिन्न क्षेत्रसंग सम्बन्धित १५ जना मुख्य सूचनादातको रुपमा छनोट गरिएको छ । छनोट गरिएका सूचनादाताहरुबाट अन्तर्वार्ता सूची, अवलोकन र मुख्य सूचनादातासंग अन्तर्वार्ताको प्रयोग गरी प्राथमिक सूचना र विभिन्न श्रोतबाट द्वितीय तथ्याङ्क संकलन गरी अध्ययन गरिएको हो । अध्ययन विवरणात्मक तथा अन्वेषणात्मक ढाँचामा आधारित भएर गरिएको छ भने अध्ययनमा संख्यात्मकका साथै गुणात्मक तथ्याङ्कको प्रयोग भएका छन् । संकलन गरिएका प्राथमिक र द्वितीय तथ्याङ्कहरुलाई तालिकाका माध्यममार्फत प्रस्तुत गर्दै कारण र प्रभावका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । वाह्य सहयोग, परामर्श, प्रविधि र पुँजीको सहयोगले अविकसित एवं ग्रामीण क्षेत्रको विकासमा मद्दत पुग्दछ भन्ने मान्यता अनुरुप अध्ययन क्षेत्रमा सहकारीमा संलग्न हुन तथा सहकारीले महिलामा पारेको प्रभावलाई व्याख्या गर्नका लागि आधुनिकीकरण सिद्धान्तलाई प्रयोग गरिएको छ । सरकारी तथा गैर सरकारी संस्थाको सल्लाह र परामर्शमा २०५५ मा सुरुवात भएको महिला जागरण तथा वचत सहकारी संस्था अध्ययन क्षेत्रका महिलाको परिवर्तनको संवाहक नै वन्न पुग्यो ।

सहकारीमामा सहभागी महिलाहरु मध्ये अधिकांश वा ६४ प्रतिशत महिलाहरुलाई सहकारीमा आबद्ध गराउन सरकारी तथा गैर सरकारी संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । सहकारीमामा सहभागी भए पश्चात् नै महिलाको सम्पूर्ण अवस्थामा सुधार आएको र सहकारीमा सहभागी हुन वाह्य पक्षको भूमिका महत्वपूर्ण रहेकोले अध्ययनमा प्रयोग गरिएको आधुनिकीकरण सिद्धान्तको मान्यता सत्य सावित भएको छ भन्न सकिन्छ । प्रस्तुत अध्ययन सिमित उद्धेश्य, समय, श्रोत र साधनको परिधीमा रहेर गरिएको हो । जसले गर्दा यसका आफनै सिमाहरु समेत रहेका छन । तथापी प्रस्तुतु अध्ययनको शांरसलाई निम्नानुसार वुदागत रुपमा चर्चा गर्न सकिन्छ ।

- ❖ सहकारीमा आवद्ध सम्पूर्ण सदस्य संख्याको ६४ प्रतिशत सदस्यहरुलाई सहकारी प्रति उत्प्रेरित गराउने काम गैर सहकारी संस्थाले गरेको ।
- ❖ ७ वर्ष त्यो भन्दा बढी समय देखि सहकारीमा आवद्ध महिला ४७ प्रतिशत रहेको ।

- ❖ सहकारीमा आवद्ध हुनु भन्दा पहिला कुल उत्तर दाताको ४९ प्रतिशत को आर्थिक अवस्था ज्यादै न्यून रहेको र सहकारीमा आवद्ध पछि यो संख्या ३८ प्रतिशतमा झरेको ।
- ❖ सहकारीमा आवद्ध हुनु पूर्व १०० प्रतिशत महिलाहरुको पेशा कृषि रहेकोमा सहकारीमा आवद्ध भएपछि यो संख्या ८१ प्रतिशतमा झरेको ।
- ❖ वार्षिक २० हजार देखि ४० हजार सम्म आम्दानी गर्ने महिलाको संख्या ५८ प्रतिशत रहेको ।
- ❖ सहकारीबाट लिएको ऋणलाई ६४ प्रतिशत महिलाहरुले गाई पालन र वाखा पालनमा लगानी गर्ने गरेको ।
- ❖ सहकारीमा आवद्ध मध्ये ८० प्रतिशत महिलाहरुको वचतको श्रोत आफ्नै कमाई रहने गरेको ।
- ❖ सहकारीमा आवद्धता पछि ६८ प्रतिशत महिलाहरुको व्यक्तिगत सम्पत्तिमा पूर्ण स्वमित्व रहेको ।
- ❖ सहकारीमा आवद्धतापूर्ण २१ प्रतिशत महिला निरक्षर रहेकोमा आवद्धता पछि यो संख्या ४ प्रतिशतमा झरेको ।
- ❖ सहकारीमा आवद्धहुनु पूर्व ६० प्रतिशत महिलाले परम्परागत उपचार पद्धति (धामी झाँक्री) अपनाउने गरेकोमा सहकारीमा आवद्ध भएपछि यो संख्या ३२ प्रतिशतमा झरेको ।
- ❖ घरायसी निर्णय प्रक्रियामा महिलाको पूर्ण सहभागिता ३४ प्रतिशत र मिश्रित सहभागिता ३८ प्रतिशत रहेको ।
- ❖ घरजग्गा लगायत घर परिवार संचालनका लागि आवश्यक वस्तु खरिद विक्री गर्नमा ३४ प्रतिशत महिलाको पूर्ण रुपमा निर्णय गर्ने अधिकार रहेको ।
- ❖ वन उपभोक्ता समूह, विद्यालय व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति लगायत अन्य संघ संस्थामा ८७ प्रतिशत महिलासहभागिता रहेको ।

- ❖ सहकारीमा आवद्ध मध्ये ७३ प्रतिशत महिलाहरु कुनै न कुनै रुपमा राजनैतिक संघ संगठनमा आवद्ध रहेको ।

## ६.२ निष्कर्ष

नेपालका ग्रामीण क्षेत्रमा बसोबास गर्ने महिलाहरुको दैनिक जिवन अधिक शारिरीक श्रमबाट गुज्रिएको छ । दैनिक १३ घण्टा काम गर्दा पनि सहज रुपमा जिवन यापन गर्न सकिरहेको अवस्था छैन । यसको मुख्यकारण पितृसत्तात्मक समाज नै हो । नेपाली महिलाहरु यहााको धर्म, संस्कृति, रीतिरिवाज, परम्परा आदि सवै दृष्टिकोणबाट अध्ययन गर्दा पछाडी नै पारिएका छन् । त्यसैगरी गरिवी, अशिक्षा, बेरोजगार आदिले समेत उनीहरुको जिवनस्तरमा प्रभावकारी भूमिका खेल्ने गर्दछ । आफ्नै घर परिवारबाट समेत अपेक्षित हुनु पर्ने तथा श्रीमान (लोग्ने) स्वयंले पनि उनीहरुको समस्यालाई बुझ्न प्रयास गर्दैनन् । उनीहरु केवल बच्चा जन्माउने मेशिनको रुपमा मात्र हेर्ने गरिन्छ । मकवानपुरगढी मात्र नभई सिङ्गो नेपाली महिलाहरुको नै अवस्थालाई प्रतिनिधित्व गरेको छ । आफू राजनीतिक शैक्षिक, सामाजिक तथा आर्थिक क्षेत्रमा पछाडी पारिएको कुरा थाहा पाएर भन्न र संघर्ष सकिरहेका छैनन् । यस्तै अवस्थामा महिला सहकारीको स्थापनाले मकवानपुरगढीका महिलाहरुको सशक्तिकरणका क्षेत्रमा एक महत्वपूर्ण खुड्कीलाको रुपमा स्विकार गर्न सकिन्छ ।

- ❖ महिलाहरुलाई सहकारीप्रति आकर्षण गर्न सरकारी तथा गैह्सरकारी संस्थाहरुको महत्वपुर्ण भूमिका रहेको पाइयो ।
- ❖ सहकारीमा आवद्ध महिला सवै ४ वर्ष भन्दा पहिले नै सहकारीमा आवद्ध भइसकेको पाइयो ।
- ❖ सहकारीमा आवद्ध हुनु भन्दा पहिला महिलाको आर्थिक अवस्था अत्यन्त कमजोर र दयनीय पाइयो ।
- ❖ सहकारीमा आवद्ध महिला मध्ये अधिकांश महिलाको पेशा कृषि रहेको भएपनि क्रमश उनीहरु अन्य पेशाप्रति आकर्षित भएको पाइयो ।
- ❖ हाल सहकारीमा आवद्ध महिलाको मासिक वचतको श्रोत आफनै कमाई रहेको पाईयो ।
- ❖ सहकारीवाट प्राप्त ऋण रकमलाई अधिकांश महिलाहरुले उत्पादनमूलक कार्यमा लगानी गरेको पाइयो ।

- ❖ सहकारीमा आवद्ध महिलाले वाषिक रुपमा सम्पूर्ण खर्च कटाएर ४०००० ⁄ भन्दा वढी सम्म आम्दानी गरेको पाइयो ।
- ❖ सहकारीमा आवद्ध महिलाहरुको सहकारीमा आवद्ध भएपश्चात व्यक्तिगत तथा पारिवारीक सम्पतिमाथि क्रमशः पहुँच विस्तार भएको दखियो ।
- ❖ सहकारीमा आवद्ध हुनु भन्दा पहिले धेरै महिला निरक्षर भएपनि सहकारीमा आवद्ध पछी निरक्षर महिलाको संख्या घटेर जम्मा २ भएको देखियो भने महिला सशक्तीकरणको अवस्थामा सकरात्मक सुधार भएको भेटियो ।
- ❖ सहकारीमा आवद्ध भएपश्चात महिलाहरुले स्वास्थ्यको क्षेत्रमा पनि वढीनै सचेत भएको देखियो भने उपचारमा परम्परागत पद्धतीको स्थानमा आधुनिक उपचारको पद्धति अवलम्वन गर्न थालेको भेटियो ।
- ❖ सहकारीमा आवद्ध भएपश्चात घरयासी निर्णय प्रक्रियामा महिलाको सहभागिता वृद्धि हुदै गएको पाइयो ।
- ❖ सहकारीमा आवद्ध भएपश्चात महिलाहरुको घरजग्गा लगाएतका घरपरिवार सञ्चालन गर्न आवश्यक पर्ने सामाग्रीहरुको खरिदमा पहुच विस्तार भएको पाइयो ।
- ❖ सहकारीमा आवद्ध महिलाहरु सहकारी सञ्चालनको क्रममा प्रत्यक्ष वा अप्रत्क्ष रुपमा सहभागी हुने अवसर प्राप्त गरेको पाइयो ।
- ❖ सहकारीमा आवद्ध भएपश्चात महिलाहरुले समाजका विभिन्न सामाजिक संघ संस्थाहरुमा आफ्नो प्रतिनिधिमूलक उपस्थिति जनाउन सफल भएको देखियो ।
- ❖ अध्ययन क्षेत्रका महिलाहरु विभिन्न परिवर्तनको प्रभाव स्वरुप टोलदेखि क्षेत्रीय स्तरसम्म विभिन्न राजनैतिक दलका भातृसंगठनहरुमा सहभागी हुन थालेको पाइयो ।

सामाजिक चेतनाको विकास महिला आम्दानीमा बृद्धि, छोराछोरी बीचको विभेदको अन्त्य, शैक्षिक स्तरमा बृद्धि जस्ता कुराले नेपाली महिलाहरुको समग्र विकासलाई सहयोग गर्दछ । हाल आएर अध्ययन क्षेत्रका महिलाहरुको सम्पूर्ण क्षेत्रमा (जस्तै : सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, स्वास्थ्य) सकारात्मक परिवर्तन भएको पाइयो । जसको प्रमुख कारक तत्व यहाँको महिला सहकारी नै हो । पितृसत्तात्मक ढाँचा र राज्य व्यवस्थाको कमजोरीले नेपाली महिलाहरुको आफ्नो नाममा घरजग्गा दर्तामा देखिएकोले कमीले सहकारीमा आवद्ध भएपछि बृद्धि हुन थालेको देखिन्छ । तर प्रतिशतको आधारमा सन्तोष मान्ने ठाउँ छैन ।

त्यस्तै महिलाहरुको आम्दानीको स्रोतमा बृद्धि हुँदै गएको देखिएको छ । सहकारीबाट लिने गरिएको ऋणलाई आफ्नो आम्दानीको स्रोत बृद्धि गर्न प्रयोग गरिएको देखिन्छ । अध्ययन क्षेत्रमा हिन्दू धर्म मान्ने महिलाहरु बढी भएको पाइयो । यस अध्ययनबाट महिलाहरुको शैक्षिक स्थिति पनि कमजोर भएको पाइयो । तर सहकारीमा आवद्ध भएपछि पढाइको महत्व बुझी औपचारिक वा अनौपचारिक रुपमा आफू र आफ्नो सन्तानहरुलाई पढाउनुपर्छ भन्ने धारणाको विकास भएको पाइएको छ । आफ्नो स्वास्थ्य स्थितिप्रति सचेत हुनुपर्ने कुरा यहाँका महिलाहरुले बुझिसकेका छन् । केही समय अघिसम्म धामीझाँक्रीमा विश्वास राख्ने महिला हाल आएर आयुर्वेदिक तथा डक्टरी उपचार पद्धतितर्फ आकर्षित भएका छन् । घरबाट बाहिर निस्केर हिड्न र बोल्न नसक्ने तथा नपाउने महिलाहरु आज आफ्नै नेतृत्वमा ८०० भन्दा बढी सदस्य भएको सहकारी सञ्चालन गर्न सफल देखिन्छन् । यसले उनीहरुको नेतृत्व तथा निर्णय क्षमतामा समेत बृद्धि भएको देखिन्छ ।

समग्रमा भन्दा महिला सहकारीले मकवानपुरगढीका महिलाहरुको सवै क्षेत्रमा सकारात्मक परिवर्तन ल्याएको छ ।  प्राप्त परिणामहरुको विश्लेषण गर्दा अध्ययन क्षेत्रका महिलाहरुको सहकारी परिवर्तनको संवाहक वन्न सफल भएको छ भन्न सकिन्छ । सहकारीले महिलालाई घरभित्रको चुल्होवाट वाहिर निकाली पारिवारीक, आर्थिक, सामाजिक, राजनैतिक तथा सार्वजनिक क्षेत्रमा ल्याउन सफल भएको छ ।